म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११७ बिहीबार २१ मंसिर २०८० ने. सं. ११४४ कछलागा 7 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## अटो पल्टिँदा पाँच घाइते

हेटौंडा, २० मंसिर/धरान-चतरा सडक खण्डअर्न्तगत मकवानपुरको बकैया-४, पाङ्दुरेमा बुधवार दिउँसो अटो आफैं अनियन्त्रित भई पल्टिँदा पाँचजना घाइते भएका छन् ।

बकैयाको हात्तिसुँडेबाट जुरेली बजार आउँदै गरेको बागमती प्रेदश ०३-००१ ह ३३९ नम्बरको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटोमा सवार पाँजजना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । अटो दुर्घटनामा घाइते हुनेमा बकैया-३ जीतदमार बस्ने ३४ बर्षीय देवलाल जिम्बा, निजको श्रीमती ३१ वर्षकी ठुलीमाया जिम्बा, १२ बर्षीय सृजल जिम्बा, सोहीस्थान बस्ने २६ वर्षकी सुनिमाया भ्लोन र १२ को युदिर बोगटी रहेका छन् ।

घाइतेमध्य १२ वर्षका सृजलको अवस्था गम्भीर रहेको र घाइते सबैलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको मकवानपुर प्रहरीले जनाएको छ । अटो तथा चालक प्रहरी नियन्त्रणमा रहेका छन् ।

# उपमहानगरको ग्रामीण बस्तीमा स्तरीय सडक बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/मुलुक संघीयतामा गएपछि बनेको स्थानीय सरकारले ग्रामीण क्षेत्रका सडक निर्माणमा बिशेष चासो देखाएका छन् । बागमती प्रदेश राजधानी रहेको हेटौंडा उपमहानगर पालिकाको केही वडा अझै दुर्गम जस्तै छन् ।

साबिक हेटौंडा नगरमा गाभिएका बसामाडी, हर्नामाडी, हटिया, चुरियामाई, पदमपोखरी क्षेत्रको जनजीवन अझै सहज बन्न सकेको छैन । हेटौंडा नगरको कोर एरियासँग जोडिएपनि हेटौंडा-१ को अधिकांश ग्रामीण क्षेत्रको जनजीवन सहज बन्न सकेको छैन । उपमहानगरको ग्रामीण क्षेत्रका स्थानीयको जनजीवन सहज बनाउने कार्यमा जनप्रतिनिधि क्रियाशील रहेका छन् । यसैको उदाहरण हो हेटौंडा-को शिखर कोटसँग स्मारक जोड्ने सडक ।



स्तरीय मोटरबाटो अभावका कारण हेटौंडा बजारसम्म आउजाउ गर्नका लागि लामो यात्रा गर्नुपर्ने बाध्यता रहेको हेटौंडा-१ शिखरकोट (ध्याङसिङटार)का बासिन्दा सडक सुबिधाबाट लाभाम्वित हुने भएका छन् । हेटौंडा उपमहानगरपालिका र हेटौंडा-१ वडा कार्यालयको लगानीमा हेटौंडा-११ बनदेबीबाट सडक स्तरीकरणको काम निरन्तर चलेसँगै बिकट गाउँमा रहेका स्थानीय सडक सुबिधाबाट लाभान्बित हुने भएका हुन् ।

उपमहानगर र वडा नम्बर १ बाट छुट्याइएको बजेटबाट गत आर्थिक वर्षमा ३० लाख रुपैयाँ बराबरको काम भएको थियो । बहुबर्षीय योजनामा झै काम भइरहेको हेटौंडा-११ बनदेबीबाट उकालो लाग्दै जाने सडकमा गत आर्थिक वर्षमा उपमहानगरले २० लाख रुपैयाँ र १ नम्बर वडा कार्यालयबाट १० लाख रुपैयाँ गरी ३० लाख रुपैयाँ बराबरको काम भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा उपमहानगर पालिकाले बिनियोजन गरेको ५० लाख रुपैयाँ बजेटले बुधबारबाट सडकको स्तरीकरण सुरु गरिएको हो ।

उपमहानगरले बिनियोजन गरेको बजेटबाट थालिएको स्तरीकरणको कामलाई कार्यवाहक नगरप्रमुख राजेश बानियाँले शिलान्यास गरेका छन् । करीब ८ सय ७० मिटर लामो सडकखण्डको शिखरकोट पुगेर बानियाँले शिलान्यास गरेका हुन् । सडक निर्माण सम्पन्न भएसँगै हेटौंडा-११ हुँदै बजारसम्म आउन करिब २० मिनेटको समय लाग्ने स्थानीयको भनाई छ । अहिले भैरबडाँडा हुँदै बजारसम्म आउँन करिब २ घण्टा भन्दा बढी समय लाग्ने स्थानीय नामग्याल सिन्तानले बताए ।

सडकको शिलान्यास गर्दै उपमहानगरका कार्यवाहक नगरप्रमुख बानियाँले पूर्वाधार निर्माणको कामलाई बिशेष प्राथमिकतामा राखेर अघि बढिरहेको बताए । उनले तत्कालीन नगरपालिकासँग जोडिएका गाविसका ग्रामीण बस्ती लक्षित विकासलाई उपमहानगरले अघि बढाएको भन्दै जनताको भावनालाई समेट्दै अहिलेको नेतृत्व अघि बढ्ने बताए । बानियाँले उपमहानगरभित्र रहेर पनि धेरै वडाका बस्तीहरु बिकट रहेको भन्दै त्यस्ता बिकट क्षेत्रलाई प्राथमिकतामा राखेर विकासका काम गरिने बताए । हेटौंडा-११ स्मार कसम्म जोडिनका लागि आगामी दिनमा पनि बजेट बिनियोजन प्रक्रियामा ध्यान दिने प्रतिबद्धता जनाए ।

सडक स्तरीकरणको शिलान्यास कार्यक्रममा हेटौंडा-१ का वडाअध्यक्ष सबिन न्यौपानेले शिखर कोट क्षेत्रमा रहेको स्वास्थ्यकेन्द्र र खानेपानीको समस्या समाधानको पहल गर्ने बताए । बजार क्षेत्र भन्दा पनि ग्रामीण भेगलाई ध्यान दिँदै वडा कार्यालयले काम गरिरहेको न्यौपानेले बताए । ग्रामीण बस्तीहरुमा सडक निर्माण भएपछि थप विकासको ढोका खुल्दै जाने भएकोले वडा कार्यालयले पहिलो प्राथमिकतामा सडकलाई राखिएको अध्यक्ष न्पौपानेले बताए ।

सडक स्तरीकरण समितिका अध्यक्ष लवाङ सिन्तानको अध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य इश्वरी रसाईली, वडासदस्यहरु सोनामसिंह ब्लोन, मनु दाहाल, वडासचिव गंगा राई, प्राबिधिक छटुलाल साह, नेपाली कांग्रेस १ नम्ब इकाई सभापति हरि कृष्ण महर्जन, स्थानीय समाजसेवी नामग्याल सिन्तानलगायतको आतिथ्यता रहेको थियो ।

# प्रदेश सरकारको हातखुट्टा बाँधिएको बागमतीका कानुन मन्त्रीको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले संघीय सरकारले प्रदेश सरकारलाई धानबारीमा चरा धपाउनका लागि राख्ने बुख्याचा जस्तै बनाएको आरोप लगाएका छन् ।



मुलुक संघीयतामा गएको ६ वर्ष बितिसक्दा पनि केन्द्रीय सरकार र प्रादेशिक सरकारबीच आरोपप्रत्यारोपमा बढी समय खर्चने काम भइरहेको अवस्था छ । यसले संघीयतालाई मजबुत भन्दा कमजोर बनाउने काम भइरहेको छ । 'हातखुट्टा बाँधेर दौडी भनेको जस्तो व्यहार संघीय सरकारले प्रदेश सरकारलाई गरिरहेको छ ।', श्रेष्ठले गुनासो गरे, 'संविधान कार्यान्वयनको कुरामा आवश्यक कानुन संघीय सरकारले नबनाउँदा प्रदेश सरकार निरीह बन्नु परेको छ ।

हामी बोर्ड राखेर मन्त्री बनेर बसेका मात्र छौं, काम गर्नका लागि कानुन र जनशक्ति पाएका छैनौं ।', चार वर्षअघि संघीय संसद्बाट पारित भएको प्रहरी ऐन कार्यान्वयनमा आउन नसकेकोमा उनले दुखेसो गरे । केन्द्र सरकारमा रहेका कर्मचारी काम नपाएर बरन्डामा घाम तापेर बसेका तर, प्रदेश सरकारले काम गर्ने कर्मचारी नपाएकोमा उनले रोष पोखे ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय वागमती प्रदेशले बुधबार मन्थलीमा आयोजना गरेको पत्रकार भेटघाटमा मन्त्री श्रेष्ठले संविधानमा साझा अधिकार सूचीमा रहेका अधिकारहरु प्रयोग गर्नका लागि कानुन नबन्दा संविधान कार्यान्वयनमा नै ठुलो जटिलता देखिएको दाबी गरे । उनले संघीय सरकारबाट कानुन बनाएर प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउन आनाकानी गरिरहेका बेला प्रदेशलाई नै खारेज गर्न घृणा फैलाउने काम भइरहेकोमा चिन्ता व्यक्त गरे ।

सबै प्रदेशका मन्त्रीहरुले केही समयअघि प्रधानमन्त्री र गृहमन्त्रीलाई प्रदेशलाई अधिकार विहीन बनाएकोमा ध्यानाकर्षण बुझाएको प्रसंग उल्लेख गर्दै मन्त्री श्रेष्ठले आवश्यक परे माइतीघरमा धर्नामा बस्न तयार रहेको बताए । उनले संघीय सरकारले कानुन बनाउन ढिला गर्दा संविधान विरोधी तत्वले खेल्ने ठाउँ पाएको बताए । प्रदेश सरकारको एकल अधिकार सूचीमा रहेका काम सरकारले तीव्ररुपमा अघि बढाएको प्रसंग उल्लेख गर्दै उनले ६ वर्षको अवधिमा अर्बौका पूर्वाधारको निर्माण त्यसको उदाहरण रहेको उल्लेख गरे ।

# ट्रक र बस ठोक्किँदा पाँचजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/कान्तिलोकपथ सडकखण्ड अन्तरगत मकवानपुरको भीमफेदी-८ प्रताप डाँडामा ट्रक र बस ठोक्किएर दुर्घटना हुँदा पाँचजना घाइते भएका छन् ।

बुधवार दिउँसो परालको भुसा बोकेर काठमाडौं जाँदै गरेको ना ८ ख ६४९९ नम्बरको ट्रक काठमाडौंबाट हेटौंडा आउँदै गरेको बा ४ ख ५७८० नम्बरको बससँग ठोक्किएर भीमफेदी-८ मा पल्टिएको हो । दुर्घटनामा ट्रक चालक सर्लाही बागमती नगरपालिका-१ का २५ बर्षीय नारायणबहादुर रायमाझी घाइते भएका छन् । उनको दाहिने खुट्टा र टाउकोमा चोट लागेको र उपचारको लागि हेटौंडा अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । बसमा सवार ४ जना सामान्य चोट लागेको र ट्रक र बस घट्नास्थलमै रहेको छ । प्रहरीले बस चालकलाई नियन्त्रणमा लिएको छ ।

# भूकम्पपीडितलाई पालुङ जेसीजको २५ हजार

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजले कात्तिक १७ गते जाजरकोटको भूकम्पपीडितलाई राहत उपलब्ध गराउन २५ हजार २५ रुपैयाँ नेपाल जेसीजमार्फत पठाएको छ ।




जेसीज सदस्यहरुको सक्रियतामा स्थानीयस्तरमा संकलन गरी नेपाल जेसीजमार्फत भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिम क्षेत्रमा पठाउनको लागि रकम नेपाल जेसीजको खातामा मंगलबार जम्मा गरिएको पालुङ जेसीज वर्ष २०२३ का कानुनी सल्लाहकार निरज रायमाझीले बताए । भूकम्प गएलगत्तै पालुङ जेसीजले स्थानीयस्तरमा संकलन गरेको रकम र जेसीजको विपत राहत कोषमा जम्मा भएको रकम पठाईएको रायमाझीले बताए ।

मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो भन्ने जेसीजको नारालाई आत्मसाथ गर्दै भूकम्पपीडितको घाउमा थोरै भएपनि मलम लगाउनको लागि पालुङ जेसीजले नेपाल जेसीजमार्फत् सहयोग रकम पठाएको पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताए ।


## कार्यालय व्यवस्थापक आवश्यकता

यस सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा व्यवस्थापक आवश्यक भएको हुँदा तपशिल बमोजिमका योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदन सहित आवश्यक कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थाको मुख्य कार्यालयमा बुझाउन सूचित गरिन्छ ।

| विज्ञापन नं. | पद, संख्या | योग्यता तथा अनुभवहरु | उमेर |
|---|---|---|---|
| १-२०८०/०८१ | पद : व्यवस्थापक<br>संख्या : १<br>नियुक्तिको किसिम : अस्थायी<br>दस्तुर शुल्क : रु. ५००। | शैक्षिक योग्यता : व्यवस्थापन संकायबाट स्नातक वा सो सरह, कम्प्युटर सम्बन्धी ज्ञान भएको, सवारी चालक अनुमति पत्र प्राप्त भएको र सम्बन्धित क्षेत्रको अनुभव प्राप्त भएकालाई प्राथमिकतामा राखिनेछ । | ४० वर्ष ननाघेको |


**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. बायोडाटा ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
५. पासपोर्ट साइजको फोटो १ प्रति ।
६. परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
७. दरखास्त दिने अन्तिम मिति : २०८०।०९।०२
८. दरखास्त दिने स्थान : सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१०, मकवानपुर
९. सम्पर्क मिति : २०८०।०९।०५ गते कार्यालय समयभित्र ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने ।
११. तलब आपसी समझदारीमा ।

विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-१०, मकवानपुर
०५७-५२३२७०, ९८४५०२८९२८, ९८४५०२५९३४





साझाकुरा

## हाम्रो कुरा

# कामममा ढिलासुस्ती किन ?

करिब ४ वर्षअघिदेखि अमलेखगञ्ज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाई निर्माणको सर्भेकार्य हुदैछ  भन्ने ब्यहोराको होडिङबोर्ड राजमार्गको छेउमा ठड्याउने काम भयो । हेटौंडाबाट लोथरसम्म प्रत्यक ५ किमिमा होडिङबोर्ड राखिएको छ । पूर्वपश्चिम राजमार्गको छेवैमा राखिएको त्यो होडिङबोर्डले सडकमा यात्रा गर्ने यात्रुलाई गिज्याइरहेको छ । पेट्रोलियम पाईपलाईन बिस्तार गर्ने कार्यको सर्भे हुँदैछ भनेर भन्नुको मतलब के होला त ? नेपालीमा एउटा उखान छ । 'नानीभन्दा आची ठूलो' अर्थात पेट्रोलियम पाइपलाई निर्माण कार्य कहिले हुने होत्यो अत्तोपत्तो छैन तर, सम्भाब्यता अध्ययन वा प्राबिधिक अध्ययन हुन लागेको बिषयमा राजमार्गमा ५/५ किलोमिटरको दुरीमा होडिङबोर्ड लगाइयो । यसले के पुष्टि गर्छ भने नेपालमा काम गर्नेलाई भन्दा गफ गर्नेलाई बढी बिश्वास गरिन्छ । काम गर्नेलाई भन्दा गफाडीलाई सम्मानीत नजरले हेरिन्छ । त्यसैले केपी ओली सरकाले पनि पेट्रोलियम पाइपलाईन बिस्तारको सर्भे हुँदैछ भनेर होडिङबोर्ड लगाउने काम गऱ्यो ।

लाखौं रुपैयाँ खर्च गरेर होडिङबोर्ड लगाउनुको अर्थ के थियो त ? भन्ने प्रश्नको उत्तर कसैले पनि दिन सकेका छैनन् । होडिङबोर्ड राखेको ४ वर्षपछि बल्ल भारतीय पक्षसँग सम्झौता गर्न कमिटी गठन भएको छ । नेपाल आयल निगमले झापाको चारआली र अमलेखगञ्ज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाइन निर्माण गर्न बिजिनेस टु बिजिनेस (बीटुबी) सम्झौता गर्ने गृहकार्य सुरु गरेको समाचार आएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच दुवै पाइपलाइन निर्माण गर्ने विषयमा गत जेठमा भारत भ्रमणका क्रममा नेपालका प्रधानमन्त्री दाहाल र भारतीय प्रधानमन्त्री मोदीबीच सरकारद्वारा सरकारलाई (जीटुजी) सम्झौता भएको थियो । मंसिर महिनाभित्रै बीटुबी सम्झौता गर्ने कार्यतालिका थियो तर, सम्झौतालाई प्रक्रियामा लैजान ढिलो भएको कारण पुस अन्तिम सातासम्म सम्झौता गर्ने तयारी भएको बताइएको छ । सम्झौताका लागि निगमका उपप्रबन्धक निर्देशक नागेन्द्र साहको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिएको छ । मंसिरभित्र बीटुबी गर्नुपर्ने कार्यतालिका थियो तर, निगमका उच्चतहका कर्मचारीको ब्यस्तताले यो काम गर्न समय पुगेन । सम्झौता प्रक्रिया अघि बढाउन आवश्यक पर्ने प्राविधिक समिति १ महिना ढिलो गरी गठन भएकाले पुस अन्तिम सातासम्म गर्ने गरी गृहकार्य भइरहेको बताइएको छ । समितिले इन्डियन आयल कर्पोरेसन (आईओसी) को प्राविधिक टोलीसँग २ पटक भर्चुअल र १ पटक भौतिक रुपमा छलफल गरिसकेको निगमले जनाएको छ ।

बीटुबी सम्झौताअघि सडकको राइट-वे क्लियरेन्स, चितवनको लोथर र झापाको चारआलीमा पाइपलाइनसँगै टर्मिनल पूर्वाधार निर्माण गर्दा पेमेन्ट अफ मोडेल र पाइपलाइन निर्माणका लागि भारत सरकारले सहयोग गर्ने भनेको खाकाको विषयमा भइरहेको छलफल टुंगो नलागेकाले बीटुबी सम्झौतामा ढिलाइ भएको बताइएको छ । चितवनमा बिछ्याइने नयाँ पाइपलाइनमा लाग्ने सम्पूर्ण खर्च आईओसी र टर्मिनलसहित बन्ने भण्डारण गृहको निर्माणमा लाग्ने खर्च नेपालले व्यहोर्ने बताइएको छ । सन् २०२१ मा भएको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार ती दुई स्थानमा निर्माण हुने भनिएको दुई टर्मिनल भवनका लागि मात्रै तत्कालीन समयमा ६ अर्ब १८ करोड रुपैयाँ खर्च हुने लागत निकालिएको थियो । समयमा काम सुरु नहुँदा अब यो लागत खर्च बढ्ने निगमको भनाइ छ । समयमै काम थालेको भए लागत नबढ्ने सम्भावना पनि थियो ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २२ गते शुक्रबार, ८ डिसेम्बर २०२३ । एकादशी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४३, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहमतिका कार्यहरु हुनेछन् | **तुला** | : रमाइलो यात्रा हुनेछ |
| **वृष** | : नयाँ कार्य सम्पन्न हुनेछ | **वृश्चिक** | : धन कमाउने योग परेको छ |
| **मिथुन** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ | **धनु** | : पश्चात्ताप लाग्नेछ |
| **कर्कट** | : सन्तानबाट सन्तोष मिल्नेछ | **मकर** | : शारीरिक आलस्यता बढ्नेछ |
| **सिंह** | : विवाद पर्न सक्नेछ | **कुम्भ** | : सकारात्मक सोचाइ रहनेछ |
| **कन्या** | : दाम्पत्य सुख मिल्नेछ | **मीन** | : दया मायाका कार्य हुनेछन् |

# यताको सनातन, उताको हिन्दुत्व



✍ कनकमणि दीक्षित

संविधानमा नेपाल 'धर्मनिरपेक्ष राज्य' लेखिएको प्रसंगलाई कारण देखाउँदै राजनीतिक अस्थिरता, अराजकता र राज्यविहीनताको स्थिति लाद्न विभिन्न शक्ति लागिपरेका छन् । यस्तै, संविधानका सहीकर्ता 'राजनेता'हरू पनि लोकरिझ्याइँको डरकामारे दोधारे कुरा गर्दैछन् ।

एकातर्फ ज्ञानेन्द्र र उनका राजावादी गण छन्, जसलाई गुमेको त्यत्रो साख र प्रभाव ब्युँताउनु छ । यसको लागि आवश्यक पर्ने २०७२ को संविधानको खारेजीले निम्त्याउने नेपाल राज्यको आन्तरिक र बाह्य कमजोरीको पर्वाह छैन, यिनीहरूलाई ।

अर्को पात्र छन्, चिरपरिचित 'डेमागग', वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल, जसलाई आफ्नो माओवादी पार्टीको निरन्तर चुनावी ओरालोका कारण विदेशीको टेकोदेखि पूर्वराजासँगको सहकार्य, जे पनि स्वीकार्य मात्र होइन, स्वागतयोग्य हुने नै छ ।

यस्तै नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा त 'हिन्दुत्व'को पक्षमा बोलेर संविधानको खिलाफको बाटोमा लागिसके, जसमा गैरजिम्मेवारी र लाचारी दुवै झल्कन्छ ।

देश दौडाहामा रहेका प्रमुख प्रतिपक्षी नेकपा एमालेका नेता केपी ओली हाम्रो राजनीति मात्र होइन, राज्यमाथि नै अभूतपूर्व खतरा रहँदा पनि जनतासामु धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रको अपरिहार्यताबारे निर्धक्क बोलिरहेका छैनन् । मध्यपहाडी पर्यटन भन्दा पनि 'संविधान बचाउ अभियान' मा उक्त दौडाहा परिणत हुनुपर्ने थियो ।

### प्रत्यक्ष र विद्यमान खतरा

नलुकेको कुरा हो, सन् २०२४ अप्रिलमा भारतको आमनिर्वाचनमा अत्यधिक जित हासिल गर्न बीजेपी दलका अध्यक्ष जेपी नड्डा र सरकारप्रमुख नरेन्द्र मोदीले हरेक हत्कण्डा अपनाउने छन् ।

आफूलाई पटक्कै मन नपरेको हाम्रो नयाँ संविधान र यसको 'धर्मनिरपेक्षता' खारेज गर्दै 'हिन्दु राष्ट्र' घोषणा गर्न पाए गंगा मैदान (उत्तर भारत) का हिन्दुपन्थीबाट धेरै भोट हात लाग्छ भन्नेमा प्रम मोदी प्रष्ट छन् । नयाँदिल्लीको यो रणनीतिक हिसाबकिताब नेपालभित्र प्रयोगमा आउन थालिसकेको छ र विभिन्न तप्का र खेमा परिचालित छन्, उपत्यका, पहाड र तराई-मधेशमा ।

संविधानको 'धर्मनिरपेक्षता' बाट 'नाखुस' मोदीले ६ महिनासम्म छिमेक देशमाथि नाकाबन्दी लगाएका थिए भने आउँदा दुई-तीन महिनाभित्र नेपालमा हलचल पैदा गर्दै संविधान खारेजीका लागि 'हर-कुछ' कदम चाल्ने तयारी देखिन्छ । 'यसो गर्दैछु' भनेर कसैले प्रेस विज्ञप्ति पेश गर्ने त होइन, समयचक्र र राजनीतिक मनोविज्ञानको विश्लेषणले यही देखाउँछ ।

मुलुकभित्रका 'हिन्दुत्व'वादी र पुरातनपन्थी अवसरवादीले यस्तो कदमलाई साथ दिने हुनाले नै अहिले राज्य व्यवस्थामाथिको खतरा 'प्रत्यक्ष' छ र 'विद्यमान' पनि । र, यसै दौरानमा संविधान फेरि एकपटक खारेज हुने हो भने आन्तरिक झै-झगडा र विदेशी शक्तिको हस्तक्षेपकारी अभीष्टमाझ नेपाल झनै कमजोर, परनिर्भर र अधीनस्थसम्म हुने सम्भावना टड्कारो छ ।

तर पूर्व राजा, नेपाली र भारतीय सरकारप्रमुखका आ-आफ्ना अजेण्डा, शेरबहादुर देउवाको गैरजिम्मेवार बोली तथा केपी ओलीको निष्क्रियताका कारण मुलुकको भविष्यतर्फको यात्रा बिथोलिन्छ भनिहाल्न भने मिल्दैन, किनकि यसअघिका प्रत्यक्ष र विद्यमान खतरासामु जागेका जनताको भर छँदैछ ।

आज 'हिन्दु राष्ट्र' को लागि वकालत गर्नेले जनताको भावना बोल्छन् भन्ने छैन, यो त मिडियामा पहुँच भएका तथा सोसल मिडियामा चर्को बोल्ने र उत्तेजना फैलाउनेलाई 'व्यापारिक अल्गोरिदम्' ले बढावा दिने गरेकोले एक संकीर्ण तप्काको बोली 'जनताको आवाज' भनेर कसैकसैले दाबी गर्ने गरेका हुन् ।

हिमाल, पहाड, तराईका सीमान्तकृतको बुझाइ त्यो तप्कासँग मिल्छ भन्ने छैन, न त ठूलो हिस्सा महिला, दलित, जनजाति, मुसलमान, इसाईको, न 'हिन्दुत्व' को पासोमा नपरेका सनातनीको, न बज्रयान, महायान, हिनयान बौद्धमार्गीको ।

यो पनि हो कि, संविधानमा 'धर्मनिरपेक्षता' यथावत् राख भन्ने अभियान प्रष्ट गरी आएको छैन । एकातर्फ २०७२ असोजमा दस्तावेजमा ल्याप्चे ठोक्नेहरू लोकरिझ्याइँ र विदेशी प्रभुसित भयभीत भई संविधानमाथि गद्दारी गर्दैछन् । अर्कोतर्फ अधिकांश 'मिडिया द्वारपाल' (संजोग या केले भनौं, अधिकांश बाहुन पृष्ठभूमिका) हरूको पनि 'हिन्दु राष्ट्र' लचकता अगाडि आएको छ ।

### हिन्दुत्व र हिन्दुपन

इतिहासकालदेखि नै नेपालको आमजनको ठूलो हिस्सा सनातन धर्म मान्दै आएको छ, तर यसको अर्थ राज्य 'हिन्दु' थियो भन्ने होइन । राज्य त नियम-कानुन मार्फत जनतालाई सुरक्षा दिन र बाहिरी आक्रमणमा प्रतिरक्षा गर्न तैनाथ थियो । राज्यले जनतालाई आ-आफ्नो धर्म मान्न छोडिदिन्थ्यो, अपवाद बाहेक ।

यस अर्थमा इतिहासकालका नेपाल राज्य र यसअघिका भुरेटाकुरेहरू पनि 'धर्मनिरपेक्ष' नै थिए । राजाहरूले एक या अर्को पन्थ पछ्याउँथे भने राज्यलाई नै 'हिन्दु' घोषणा गर्नुपर्ने आवश्यकता थिएन । तर दक्षिणी हावाको प्रभावमा आधुनिक युगको यस कालमा अहिले हिन्दुत्वको पात हल्लिन थालेको छ ।

भारतको राष्ट्रिय स्वयंसेवक संघ र यसको भ्रातृ संगठन भारतीय जनता पार्टीले 'हिन्दु धर्म' लाई राजनीतीकरण गरेर त्यहाँका र विशेषगरी उत्तर भारतका सनातनीलाई प्रतिरक्षात्मक र उत्तेजित बनाउँदै निर्वाचनको बेला भोट तान्ने अभियान सफलताका साथ चलाएका छन् । पर्याप्त 'विश्वदृष्टि' ('वर्ल्डभ्यू') नबोकेका आम नागरिकलाई 'रिलिजन्' को अफिम खुवाएर पाकिस्तानको उग्रवादी मुल्लाहले बोक्ने इस्लामिक राजनीति जस्तै, 'हिन्दुत्व' भित्र्याएका छन् ।

'हिन्दुत्व' र 'हिन्दुपन' बीचको फरक नेपाली नागरिकले बुझ्नु अति जरूरी छ नत्र भारतको पार्टीविशेषले आफ्नो लागि प्रयोगमा ल्याएको कट्टरपन्थी धार्मिक 'आइडियोलोजी' ले हाम्रो समाजको जग हल्लाइदिनेछ । शब्द प्राचीन भए पनि प्रयोग नयाँ हो, 'हिन्दुत्व', र साविकको अर्थ 'हाइज्याक' भएको छ । सनातनी 'हिन्दुपन' लाई शस्त्रीकरण ('वेपनाइज') गरेको छ, 'हिन्दुत्व' ले ।

भारतमा आम जनता सनातनी हुँदाहुँदै त्यहाँ अफगान सुल्तानहरूले रजाइँ गर्न पुगे, बंगालदेखि पञ्जाबपारिसम्म, गंगा मैदानदेखि डेक्कन पठारसम्म । पछि मुगल शासकले आधिपत्य जमाए । एकैछिनलाई मानौं भारतको आजको हिन्दु जमातलाई ऐतिहासिक मुस्लिम राजसँग नफरत छ जबकि त्यसकारण त्यहाँ आजका दशौं लाख मुसलमान माथि रिस र घृणा पाल्नुपर्ने कारण छैन ।

नेपालको कुरा गर्ने हो भने यहाँ कहिल्यै इस्लाम धर्म मान्नेको राज भएन र भाजपा/आरएसएसको उक्साहट र निर्देशनमा नेपालीले उग्र 'हिन्दुत्व' अँगाल्नुपर्ने आवश्यकता छैन ।

जसरी नेपाल कहिल्यै बेलायतको उपनिवेश भएन, त्यस्तै यहाँ कहिल्यै दिल्ली सल्तनत्, अफगान या मुगलको राज भएन ।

यदाकदा हमला गर्न आउने मुस्लिम रजौटालाई नेपालीहरू मिलेर पराजित गरी फिर्ता पठाइए । ऐतिहासिकताको नजरबाट यहाँको जनसंख्याको ५.१ प्रतिशत मात्र ओगटेको (विशेषत: तराई अनि राजधानी उपत्यका र मध्यपहाडमा छरिएर बसेको) मुस्लिम समुदायलाई बाँकी सनातनीले हेय दृष्टिले हेर्नुपर्ने कुनै कारण छैन । जबकि मानव सहअस्तित्व र लोकतान्त्रिक दर्शन अनुसार यसै पनि कोही अल्पसंख्यकमाथि त्यस्तो दृष्टि राख्न पाइँदैन ।

हालै नेपालगञ्ज र मलंगवा घटनामा जसरी हिन्दु-मुस्लिम दूरी बढाउन खोजियो, त्यो दक्षिण सिमानाबाट आएकाहरू तथा आफ्नै देशको इतिहास र वर्तमान मानव बसोबासको आकार नबुझ्ने या बुझ्न नचाहनेहरूको सहकार्य थियो ।

भारतको निर्वाचनलाई मध्यनजर गरी हिउँदभरि यस्ता क्रियाकलाप बढ्ने सम्भावना प्रबल रहेकोले नागरिक समाज, स्थानीय सरकार, स्थानीय अगुवा तथा प्रहरी प्रशासन र अन्य पदाधिकारी सतर्क रहनुको विकल्प छैन ।

### हिन्दुत्व घूसपैठ

'हिन्दु राष्ट्र' को माग विभिन्न कोणबाट आउने गरेको छ । राजावादी त एउटा खेमा भइहाले, पहाड तराईमा पण्डित्याइँ गर्ने समुदायको केही हिस्सा पनि 'हिन्दुत्व' प्रति लचक देखिन्छ – सजिलोको लागि, आफ्नो परम्परागत स्थानीय वर्चस्व कायम गर्न दर्शन, पाठ, पुरेत्याइँ, कर्मकाण्डमा ऊर्जा किन खर्च गर्ने, मात्र 'जय श्रीराम' अलापे पुग्यो । भारतीय टेलिभिजन र सामाजिक सञ्जालमा हुने भारतको हिन्दुत्व प्रचार वाजीको फाइदा लिए भइहाल्यो ।

सनातन हिन्दु दर्शनको गहिराइ बुझ्ने, अध्ययन अनुसन्धान गर्ने र त्यसलाई जीवनको अभीष्ट बनाउनेले राजनैतिक भाजपा मार्का हिन्दुत्व राजनीतिमा मोह राख्दैन । निरन्तर भारतीय सञ्चारमाध्यमको 'हिन्दुत्व प्रोपोगाण्डा' बाट पहाड-मधेशका केही नागरिक प्रभावित देखिन्छन् भने भारतीय प्रशासक, राजनीतिक तप्का, गुप्तचर र आरएसएस प्रचारकको हाम्रा नेतागण माथिको प्रभावका कारण आज नेपालमा हिन्दुत्वले विशेष टेको पाएको देखिन्छ ।

संविधानबाट 'धर्मनिरपेक्षता' हटाउन राजा फर्काउनुपर्ने भाजपा-आरएसएसले सोचेको देखियो भने अर्कोपट्टि देशका राजावादीहरूले राजा फर्काउन 'हिन्दुराष्ट्र' अँगाल्न चाहे । देशी र विदेशीको कस्तो उदेकलाग्दो यो सहकार्य । शुरूको पञ्चायतकालीन संविधानमा नेपाल 'हिन्दु राष्ट्र' कहलिएको थिएन, तर पनि देश चलेकै थियो । आफ्नो वर्चस्व थप स्थापित गर्न महेन्द्रले पहिलो पटक 'हिन्दु राष्ट्र' छिराए । २०४७ को संविधानमा 'हिन्दु राजतन्त्रात्मक राज्य' भनेर लेखियो, यसको सही व्याख्या थियो 'हिन्दु राजा भएको देश', राष्ट्र नै हिन्दु भनेर परिभाषित थियो भन्न मिल्दैन ।

आधुनिकीकरणले उथलपुथल भएको हाम्रो समाजमा मष्टो, तन्त्र वा शिवमार्गीदेखि प्रकृतिपूजकसम्मको संस्कृतिमाथि ठूलो बाढी चलेको छ, धेरै स्थानीय परम्परा लोप भइसके भने अन्य परम्परा द्रुत गतिमा कमजोर हुँदैछन् । यस्तो अवस्थामा भारतीय टेलिभिजनदेखि जिल्ला-जिल्ला छिरेका आरएसएस प्रचारक तथा यसका नेपाली समर्थकहरूको 'हिन्दुत्व हाँक' लाई पछ्याउन कतिलाई सजिलो पनि भयो । आम जनतासामु 'हिन्दुत्व' लाई 'हिन्दु'को पर्यायवाची जस्तो गरी पेश हुँदा कट्टरपन्थी जुझारुदेखि शहर-गाउँका राजनीतिक अवसरवादीलाई सजिलो भयो ।

हिन्दुत्वको पछि दौडने चर्का भाषणबाजबारे यति भन्न सकिन्छ, उनीहरूलाई नेपालको स्वतन्त्रता इतिहासबारे ज्ञान, बुझाइ र भरोसा छैन र 'हिन्दुपन' र 'हिन्दुत्व' पर्यायवाची भनेरै पेश गर्न चाहन्छन् । त्यसैले पनि अयोध्याको बाबरी मस्जिद भत्काएर त्यसको जगमाथि बन्न लागेको 'राम मन्दिर' को लागि भनेर हाम्रा नेता कालीगण्डकीका दुई शिला ट्रकमा 'डेलिभरी' गर्न हतारिए ।

सत्तारुढ, प्रमुख प्रतिपक्ष, रास्वपा, नेमकिपा, नागरिक उन्मुक्ति जुन कुनै पुराना वा नयाँ दलको कुरा गर्नुस्, एउटैले निर्धक्क धर्मनिरपेक्षताको पक्षमा र हिन्दुत्वको खिलाफ अडान लिन सकेका छैनन् । जसको अर्थ संविधान प्रतिरक्षार्थ चाहिने 'संविधानवाद' प्रति पर्याप्त समर्पित छैनन् । गत केही हप्तामा नाम चलेका हिन्दुत्ववादी वा राजावादी प्रचारमाझ 'छुपेरुस्तम' मिडिया सेलिब्रिटीको लचकता पनि बाहिर आयो, यति चाहिं राम्रै भयो ।

बुझौं, अहिले भारतबाट नेपालभित्र हुँदै गरेको हिन्दुत्व घूसपैठ तराई र राजधानी उपत्यकामा सीमित छैन । महाकालीपारिको उत्तराखण्ड राज्यका भाजपा मुख्यमन्त्री पुष्करसिंह धामीको अगुवाइमा मुसलमान विरोधी कट्टरपन्थी हिन्दुत्व अभियान चालिएको छ, उत्तराखण्डलाई 'मुसलमान मुक्त' क्षेत्र बनाउने भन्दै ।

वर्तमान नेपाल सरकारका प्रभावशाली नेता, मन्त्री तथा कतिपयका श्रीमतीहरू उत्तराखण्डको हावा सुदूरपश्चिम प्रान्तमा भित्र्याउन लागिपरेका देखिन्छन्, विशेषगरी उताबाट सुझाइएको 'मानस खण्ड' अभियानलाई सुदूरपश्चिममा टेक्ने ठाउँ बनाइदिएर ।

भूराजनीति र हिन्दुत्व राजनीतिलाई नबुझे झैं गर्दै यी नेता-नेतृले नयाँदिल्ली (प्रम नरेन्द्र मोदी) र लखनऊ (उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ) को आज्ञा पालन गरेको देखिन्छह देश र जनतालाई बेफाइदा हुँदाहुँदै उनीहरु आफ्नो निजी राजनीतिको लागि भारत दाहिना राख्न चाहन्छन् ।

### २० प्रतिशतको अर्थ

गणित विज्ञान नमान्ने हो भने बेग्लै कुरा, तर अंकको केही अर्थ छ, यदि तर्क-क्षमता पनि मानव मस्तिष्कको विशेष खुबी हो भने 'प्रतिशत' को अर्थ हुन्छ । नेपालको २०७८ सालको जनगणनाले नेपालको जनसंख्यामध्ये आफूलाई हिन्दु भनेर चिनाउने ८० प्रतिशत देखाउँछ भने २० प्रतिशतले आफूलाई हिन्दु भन्दैनन् । यसको अर्थ करिब ६० लाख नागरिक आफूलाई हिन्दु भनेर चिनाउँदैनन् ।

८० प्रतिशत हिन्दु धर्मावलम्बी छन् भन्दैमा ती सबैले 'हिन्दु राष्ट्र' को अवधारणा मान्दछन् भन्न पनि मिल्दैन । यी ८० प्रतिशत 'हिन्दु' मध्ये एक-एक अनुयायी या भक्तको हिन्दुपनको परिभाषा बेग्लै हुन सक्दछ, शिवभक्तदेखि धामीझाँक्री र नास्तिकसम्म । कतिपय नागरिक हिन्दु र बौद्ध संस्कार मान्ने पनि हुन्छन्, जबकि 'बुद्ध त विष्णुको नवौं अवतार हुन्' भन्ने पण्डित्याइँ टिप्पणी अधिकांश बौद्धमार्गीलाई सहजै स्वीकार्य हुँदैन ।

भारतमा हिन्दुत्वले हिन्दु धर्मलाई पाश्चात्य वा समुद्रपारका धर्म (यहुदी, इस्लाम, इसाई) जस्तै एकल भगवान्को थलो बनाउन लागिपरेको छ– एकल श्रीरामको 'नेतृत्व'मा, शिव-शक्ति, विष्णुका अन्य अवतार र अनगिन्ती पन्थका विभिन्न देवदेवी र आस्थाका केन्द्रलाई पाखा लगाउँदै ।

भारतबाट आयातित हिन्दुत्व अन्तर्गत उतैको राजनीतिक एजेण्डा परिपूर्तिको लागि नेपाल हिन्दु राष्ट्र बन्नुपर्छ भन्ने कुरा नेपालका खाँटी सनातनीले किन मान्ने ? भारतको सत्ता खेलको गोटी नेपाल र नेपाली किन बन्ने ? जसरी पाकिस्तान, श्रीलंका र आज आएर भारतले 'धर्म' र 'राज्य'लाई अलग राख्न सकेनन्, त्यो खतरनाक बाटोमा नेपाल जानुहुँदैन, तर 'हिन्दु राष्ट्र' अभियानले त्यही गर्न खोज्दैछ । हिन्दुत्व अन्तर्गत सामाजिक, आर्थिक अग्रगमनको सार्वजनिक मागको साटो 'हिन्दु' हुनुलाई सफलताको संज्ञा बन्न जान्छ, जुन विशेषगरी उत्तर भारतमा हुँदैछ । 'हिन्दुत्व' नेपाल पस्नुले आन्तरिक विग्रह, आर्थिक मन्दी र अन्तर्राष्ट्रिय कमजोरी मात्र निम्त्याउनेछ ।

फेरि पनि २० प्रतिशतको कुरा : जनसंख्याको यत्रो ठूलो हिस्सालाई देख्यानदेख्यै गरेर हिन्दु राष्ट्र घोषणा गर्छु भन्नेहरूको हैसियत के ? तिनले कसरी यत्रो ठूलो अधिकार आर्जन गरे कि आफ्नो 'हिन्दु राष्ट्र'वाला बुझाइ अरूमा लाद्न चाहन्छन् ? तिनी ८० प्रतिशत सनातनीको लागि बोल्दैछन् भन्ने प्रमाण के ? सबै रामभक्त, शिवमार्गी र शक्ति पूजकले पनि त्यही चाहलान् ? अनि त्यो बाँकी २० प्रतिशत अर्थात् ६० लाखलाई सीधै नजरअन्दाज गर्ने ?

लोकतन्त्र भनेको अल्पसंख्यकको प्रतिरक्षा त हुँदै हो, तर २० प्रतिशत त्यति न्यून आँकडा पनि होइन । 'हिन्दु' अन्तर्गत पर्ने त्यत्रो ठूलो पहाड-मधेशको दलित जमातको पनि राय बुझ्ने कि ? साथै अरू 'हिन्दु' अन्तर्गत पर्ने जनजाति पृष्ठभूमिका नागरिक ? यस्तै, पुरुष सत्तात्मक समाजबाट उम्किन चाहिरहेका महिलाको राय के छ 'हिन्दु राष्ट्र नेपाल' नाराबारे ?

यो पनि सोधौं : हिन्दु राष्ट्र घोषणा नहुँदा, संविधान धर्मको सन्दर्भमा तटस्थ बसिदिंदा समस्या के आइपऱ्यो ? धर्मनिरपेक्षताले हिन्दु पाठपूजा, दर्शन, कर्मकाण्ड, जात्रा, तीर्थ, रीतिरिवाजमा कतै कुनै बेला बन्देज लगाएको छ ? संविधान पारित र क्रियाशील भएको आठ वर्ष भइसक्यो, नेपाल 'धर्मनिरपेक्ष' राज्य भएको दौरानमा कतिबेला र कहाँ हिन्दु परम्परा मान्नेहरूलाई अप्ठेरो पऱ्यो ?

'हामी हिन्दु हौं, हाम्रो जल्दोबल्दो धर्मलाई राज्यबाट ओत र संरक्षण चाहिंदैन, यसलाई जोगाइराख्न, ग्रहण गर्न हामी सक्षम छौं, स्वाभिमानी सनातनीलाई राज्यको आड चाहिंदैन' – भन्नुपर्ने त यस्तो होला, साथै हिन्दु संस्कारले जातपात र लैंगिक विभेददेखि अन्य विकृतिहरू निर्मूल पार्ने अठोट । हिन्दुपनको राजनीतीकरण गर्नुको साटो कर्मकाण्ड भन्दा पनि हिन्दुपनमा अन्तरनिहित सही विचार, आचरण, नैतिकता, मानवीयता, सह-अनुभूति, आत्म चिन्तनको बाटोतर्फ समाजलाई उत्प्रेरित गरे कसो होला ? त्यो बाटो पहिल्याउने कि आयातित 'हिन्दुत्व रास्ता' ?

### संविधानमा सनातनी

नेपालको संविधान २०७२ लेखनको बेला 'धर्मनिरपेक्षता' बारे विभिन्न तर्क र अडान थिए । यो लेखक स्वयंको राय थियो संविधानमा धर्मको उच्चारण नै नगरौं– 'हिन्दु राष्ट्र' र 'धर्मनिरपेक्षता' दुवै नलेख्नु उचित हुनेथियो – तर संविधानमा 'धर्मनिरपेक्षता' राखियो ।

संविधानवाद ('कन्स्टिट्यूसनलिजम्') मा विश्वास गर्ने भएकोले त्यतिबेलादेखि नै यो धारणालगायत पूरै संविधान अँगालियो । आज आएर संविधानलाई समयसापेक्ष विकास गर्न सकिन्छ, तर मूल खम्बा गणतन्त्रलाई हल्लाउनु हुँदैन, जसको अर्थ 'हिन्दु राष्ट्र' लाई पनि छिराउनुहुन्न अनि 'धर्मनिरपेक्षता' छुटाउनुहुन्न ।

आजका राजावादी र हिन्दुत्ववादीले संविधान विरुद्ध सडक तताउन खोज्दा 'धर्मनिरपेक्षता' को शब्दावली हटाऊ भन्नु भन्दा पनि राजा सहितको 'हिन्दु राष्ट्र' छिराउने चेष्टा हो । उनीहरूलाई यति सुनाउनुपर्ने हुन्छ: 'जय श्रीराम'वाला एकलकाँटे भारतीय राजनीतिक हिन्दुत्वले आराध्य शक्ति शिव मात्र होइन, वैदिक परम्परा अन्तर्गतका विष्णु, वसु, रुद्र, आदित्य, प्रजापति, इन्द्रलाई अपहेलना हुनेछ साथै बौद्ध र किराँतका आस्था केन्द्र अनि मष्टो, तन्त्रमन्त्र, प्रकृतिपूजन र खाँटी नास्तिकको समेत ।

'हिन्दु राष्ट्र'का हिमायतीले संविधान राम्ररी नपढेको भन्दा पनि जानी-जानी बुझपचाएको पनि प्रष्टै छ । संविधानको भाग १ 'प्रारम्भिक' को धारा ४ मा नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भन्दै, शब्दावली प्रष्ट्याउने गरी 'स्पष्टीकरण' थपिएको छ– 'धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म-संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ ।'

यो धर्मनिरपेक्षताको स्पष्टीकरण वाक्य संविधानकै अंश हो । तसर्थ, संविधानले सनातन धर्मलाई अपहेलना गरेको छैन, आत्मसात् गरेको छ । कुनै पनि संविधानमा अस्पष्ट कुरा व्याख्या ('इन्टरप्रिटेशन्') द्वारा प्रष्ट्याइन्छ भने यहाँ त संविधान आफैंले प्रष्ट्याइदिएको छ । राजालाई फर्काउने 'हिन्दु राष्ट्र' घोषणा गर्न तल्लीनलाई संविधानको यो स्पष्टीकरण मुटुमा काँडा जस्तो छ, त्यसैले यो कुरा उठ्दैन ।

सतहमा 'हिन्दु राष्ट्र'का समर्थकहरू धर्मान्तरणलाई कारण देखाएर संविधान खारेजीको माग गर्छन् । नेपालमा धर्मान्तरण आजको समस्या होइन, पञ्चायतकालमै यसले जरा फैलाएको हो । बरू २०७२ को संविधानको धारा २६ (३) ले धर्मान्तरणलाई बन्देज लगाउँदै 'धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।' यसले सनातनीहरूलाई खुशी बनाउनुपर्ने पो हो ।

'हिन्दु' शब्द प्रचलनमा आउनुअघि सनातनी शब्द चलनचल्तीमा थियो । 'हिन्दुत्व' को प्रभावमा विशेषगरी उत्तर भारतका हिन्दुहरू पाश्चात्य 'मोनोथेइस्टिक रिलिजन' (एकेश्वरवाद) जस्तो गरी आफ्नो आस्थालाई बुझ्न थाले । तर अझै पनि नेपालमा सनातनी शब्दको अर्थ फराकिलो हुँदैछ, र २०७२ को संविधानको मर्म अनुसार 'समावेशी' पनि ।

एक त सनातनी भन्नाले पुरानो परम्परागत आस्थाकेन्द्रहरू भन्ने बुझिन्छ । यस अन्तर्गत आजभोलि 'हिन्दु' भनेर बुझिने पन्थ र हाँगाहरू भन्नुपर्छ । तर 'सनातन' शब्दलाई यसभन्दा फराकिलो गरी पनि बुझ्न सकिन्छ, र हिमाल, पहाड, तराईका अनेकन् परम्परागत आस्था केन्द्रलाई पनि समावेश गर्न सकिन्छ । किनकि मुलुक सबै नागरिकको साझा हो, नयाँ खालको धार्मिक एकाग्र अनुसार नयाँ युगका 'श्रीराम पूजक' द्वारा मात्र परिभाषित हुनसक्दैन ।

### संविधानमा खतरा

आजभोलि 'धर्म' भन्नाले पश्चिमा परिभाषा अनुसार 'रिलिजन' भन्ने गरेर कतिपयले लिन थालेका छन् भने धेरै पहिलेदेखि धेरै चिन्तकले भन्ने गरे जस्तो यसले त एक आदर्श जीवनशैली र कर्मको जीवन जनाउँदछ । यस अर्थमा प्रकृतिपूजक, कन्फट्टा साधुदेखि नास्तिक र 'र्‍याशनलिस्ट' (मात्र तर्कमा बाँच्ने) सम्मले 'धर्म' मानेको भन्न मिल्छ, र सबैलाई आफ्नो आस्था अँगाल्न छूट छ, यस ऐतिहासिक र परम्परागत परिभाषा अन्तर्गत ।

आज 'धर्म' को एक खालको दर्शनलाई पाश्चात्य बुझाइको 'रिलिजन' मा परिणत गर्न खोज्दैछन् 'हिन्दुत्ववादी' हरू, त्यो पनि पार्टीगत राजनीतिमा लाभको लागि । हिन्दु राष्ट्रको वकालत गर्नेहरूले पश्चिमा 'धर्म परिभाषा' अन्तर्गत अभियान चलाएको भन्न मिल्छ ।

*(साभार: अनलाइनखबर)*

# एनसेल बिक्री अपारदर्शी, किनबेच रोकेर उच्चस्तरीय छानबिन

काठमाडौं/दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको सेयर स्वामित्व खरिद बिक्री अपारदर्शी भएको निष्कर्षसहित दलहरु उच्चस्तरीय छानबिन गर्नुपर्ने निष्कर्षमा पुगेका छन् । साथै नेपालमा वैदेशिक लगानीलाई सहज गर्ने वातावरण नभएको भनी भ्रमपूर्ण सन्देश प्रवाह गर्न खोजेको भन्दै आपत्ति जनाएका छन् ।



मलेसियाली कम्पनी आजियटाले आफ्नो सेयर स्वामित्व गैरआवासीय नेपाली सतीशलाल आचार्यको नाममा रहेको स्पेक्ट्रलाइटलाई बिक्री गरेसँगै नेपाली राजनीति एनसेलमा केन्द्रित भएको छ ।

मंगलबार प्रधानमन्त्रीले सत्ता गठबन्धनको बैठक बोलाएर यो विषयमा छानबिन गर्नुपर्ने निष्कर्ष निकालेको थियो । त्यसको भोलिपल्ट बुधबार प्रतिनिधिसभाको सार्वजनिक लेखा र अर्थ समितिले छुट्टाछुट्टै बैठक बसेर यही विषयमा छलफल गरेको छ, जहाँ सत्तारुढ र प्रतिपक्षी दलका सांसदहरुले एनसेलको शेयर बिक्री अविश्वसनीय, अपारदर्शी र अनपेक्षित रहेको बताए । उनीहरुले यो विषयमा छानबिन गर्न सरकार लाई आग्रह समेत गरेका छन् ।

लेखा समितिले एनसेलको शेयर बिक्री प्रक्रियालाई यथास्थितिमा राख्न सरकारलाई नै निर्देशन समेत दिएको छ ।

सेयरको खरिद बिक्री वा हक हस्तान्तरणको सम्बन्धमा विस्तृत अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने भन्दै समितिले भनेको छ, 'अनुसन्धान गरी निष्कर्षमा नपुगुन्जेलको अवधिभरका लागि यस सेयर खरिद बिक्री कारोबारसम्बन्धी कार्यलाई यथास्थितिमा राख्न (रोक्न) तथा यस विषयमा वास्तविकता तथा यथार्थता पहिचान गर्नका लागि ३० दिनभित्र कार्य सम्पादन गर्ने गरी तत्काल स्वतन्त्र अनुसन्धान गर्न गराउन समितिको यो बैठक नेपाल सरकार लाई निर्देश गर्दछ ।'

समिति सभापति ऋषिकेश पोखरेलका अनुसार एनसेलको सेयर खरिद बिक्री शंकास्पद छ भन्नेको निकर्ष छ । तर त्यसका यथेष्ट आधार जुटाउन समितिले यस्तो निर्देशन दिएको हो । 'कुनै पनि नेपाली नागरिक एनसेलको शेयर बिक्रीमा आशंका गर्छन । यो विषयमा राजनीतिक दलहरु पनि एकमत देखिए । सरकार अनुसन्धान गर्दैछ । समितिले निर्णयले सरकार लाई खबरदारीका साथसाथै सहयोग पनि पुऱ्याउँछ', सभापति पोखरेलले सँग भने ।

समितिको निर्देशनपछि अब एनसेलको शेयर बिक्रीमा नेपाल दूरसञ्चार प्राधिकरणबाट दिइने स्वीकृति रोकिन्छ । यो प्रक्रियालाई उद्योग विभागबाट हुने सहजीकरण (हक हस्तान्तरण र शेयर स्वामित्व हस्तान्तरण) र कम्पनी रजिष्ट्रारको कार्यालयले गर्ने अभिलेख संशोधन अघि बढ्दैन ।

समितिले एनसेलको सेयर बिक्री गर्दा न्यूनतम कानुनी प्रक्रिया समेत पूरा नगरेको निष्कर्ष निकालेको छ । समितिका अनुसार आजियटाले एनसेलको सेयर बिक्री गर्दा पालना गर्नुपर्ने नेपालको कानुनी व्यवस्था पालना गरेको छैन । उसको सेयर बिक्री मूल्य पनि अविश्वसनीय र अपारदर्शी रहेको समितिको निष्कर्ष छ ।

त्यस्तै शेयर खरिद बिक्री वा हक हस्तान्तरणमा सरकारले पाउनुपर्ने पूँजीगत लाभकर पनि छल्न खोजिएको समितिले उल्लेख गरेको छ । दूरसञ्चार कानुन अनुसार करिव ६ वर्षपछि स्वत: नेपाल सरकारको स्वामित्वमा आउने अवस्थालाई अनिश्चयमा धकेल्न खोजिएको पनि लेखा समितिको निष्कर्ष छ ।

'नेपालमा वैदेशिक लगानीलाई सहज गर्ने वातावरण नभएको भनी भ्रमपूर्ण सन्देश प्रवाह गर्न खोज्नु तथा अन्य नकारात्मक टिप्पणी गर्नुले उक्त कारोबार प्रारम्भिक रुपमा संशयपूर्ण (शंकास्पद), अपारदर्शी तथा अवास्तविक रहेको भन्न सकिने अवस्था देखिन्छ', समितिको निर्णय छ ।

लेखा समिति सदस्य एवं एमाले सांसद अच्यूतप्रसाद मैनालीले एनसेलले नेपालमै कमाएको रकमको पुँजीगत लाभकर छल्न लगानीको वातावरण छैन भन्ने आरोपित गरेको बताए । 'सार्वभौम सत्तामाथि नै खलल पुऱ्याउने गरी कारोबार भएको छ । त्यही रुपमा ब्लेम (आरोप) लगाइएको छ । नेपालबारे धावा बोलिएको छ । यो विषयमा सरकार पनि गम्भीर बनोस्', उनले भने ।

बुधबारकै अर्थ समिति बैठकले एनसेलको शेयर बिक्रीमा आशंका गर्दै १५ दिनभित्र विस्तृत विवरण र कागजात पेश गर्न दूर सञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ ।

### "लगानीको वातावरण छैन" भन्नेमा आपत्ति

गत शुक्रबार आजियटाले नेपालमा लगानीको वातावरण बिग्रदै गएकाले एनसेलको सेयर बिक्री गर्नुपरेको जिकिर गरेको थियो । बुधबार दुबै संसदीय समितिका सांसदहरुले आजियटाको उक्त भनाइप्रति आपत्ति जनाएका छन् ।

अर्थ समितिका सभापति सन्तोष चालिसेले आजियटाको उक्त भनाइ गम्भीर रहेको बताए । उनले यस विषयमा अर्थमन्त्री, गर्भनर, एनसेलका प्रमुख कार्यकारी अधिकृत र शेयर खरिदकर्ता सतीशलाल आचार्यसँग छलफल गर्ने बताए ।

अर्थ समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डा. स्वर्णिम वाग्लेले यो विषयमा आजियटाका ग्रुप चिफ एक्जिक्युटिभ अफिसर विवेक सुदलाई समितिमा बोलाउनुपर्ने बताए । 'एनसेल बिक्रीले उजागर गरेका आर्थिक कुशासन र लगानी विकर्षणबारे विस्तृत नीतिगत समीक्षा आवश्यक देखिन्छ', उनले भने, 'आजिएटा कम्पनीका ग्रुप प्रमुख कार्यकारी अधिकृतलाई नै अर्थ समितिले पत्र काट्नुपर्छ ।'

एनसेलका नेपाली साझेदारसँग नेपालमा राजनीतिक दलका नेताहरुको सम्बन्ध अस्वभाविक देखिएको पनि उनले बताए । 'त्यही विवादस्पद नेपाली भनेका साझेदारको हातमा अब पूर्ण स्वामित्व जाँदै छ । एनसेल खरिदबिक्रीको सम्झौताको शर्त अपत्यारिलो छ ।'

कांग्रेस सांसद दीपक खड्काले एनसेलले अर्बौं रुपैयाँ कमाएपछि लगानीको वातावरण छैन भन्ने आरोप लगाएको बताए । 'एनसेल बाहिरियो भन्ने मात्रै होइन । ६ वर्षपछि नेपालको हुँदै थियो । सरकारको हुने बेला लगानीको वातावरण छैन भनेर बाहिरिने ?', उनले प्रश्न गरे ।

### सांसदले खोजे न्यायिक आयोग

सांसदहरुले एनसेलको शेयर बिक्रीको विषयमा उच्चस्तरीय आयोग गठन हुनुपर्ने माग गरेका छन् ।

'नेपाललाई तस्करीको देश बनाउने, अवैध सम्पत्ति सुरक्षित हुन्छ भन्ने छवि अन्तर्राष्ट्रिय स्तरमा बनाउन खोजिँदैछ । यसमा एनसेलको विषय जोडिन्छ' नेकपा एमालेका सचिव योगेश भट्टराईले भने, 'प्रक्रिया स्थगित गरेपछि आवश्यक परे सरकारले किनेर जाऔं । तर, त्यस अगाडि वास्तविकता पत्ता लगाउन स्वतन्त्र छानबिन गराऔं ।'

कांग्रेस सांसद अर्जुननर सिंह केसीले राजनीतिक दलका, सरकारका अधिकारीहरु नरहने गरी स्वतन्त्र न्यायिक आयोग गठन गर्नु नै उपयुक्त हुने सुझाव दिए । 'उच्चस्तरीय न्यायिक आयोग बनाऔं, यस्तो आयोगमा राजनीतिक व्यक्ति भन्दा विज्ञहरु रहनुपर्ने हुन्छ । जसले अदुवा जस्तो बेरिएको जालोमा रहेको खोट पहिल्याउन सक्छ', उनले भने ।

एमाले सांसद गोकुल बास्कोटाले एनसेलको शेयर बिक्रीमा अनियमितता भएको र यसको छानबिन गर्नुपर्ने निष्कर्षमा सरकार पुगेको स्मरण गर्दै अब सरकार अडिएर अगाडि बढ्छ कि बढ्दैन भनेर कुर्न बाँकी रहेको बताए । 'शेयर बिक्रीमा पूर्व स्वीकृति लिनुपर्ने स्पष्ट व्यवस्था हो । यसमा गलत भइसकेको छ । यसमा मनाउने ताकत वा लागू गर्न सरकार सक्षम छ कि छैन ?' उनले भने, 'यसमा सरकारले खुट्टा नकमाओस् ।'

रास्वपाका सांसद मनिष झाले निजी संस्थाले ब्यापार गर्न पाउने भए पनि एनसेल कुनै पान पसलजस्तो नभएको बताए । नेपालमा लगानीमैत्री वातावरण छैन भनेर आरोप लगाइएको भन्दै उनले सरकार गम्भीर हुनुपर्ने धारणा राखे ।

लेखा समिति र अर्थ समितिको बैठकमा दूरसञ्चार प्राधिकरणका अध्यक्ष, कम्पनी रजिष्ट्रारको कार्यालयका अधिकारीहरु सहभागी थिए । उनीहरुले पनि एनसेल खरिदबिक्री शंकास्पद रहेको निष्कर्षमा सरकार र रहेको र छानबिन हुने प्रतिवद्धता जनाएका छन् ।

दुरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले एनसेलको सेयर खरिद बिक्रीको सूचना पाएपछि पूर्वस्वीकृति किन नलिएको भनेर १५ मंसिरमा जवाफ मागेको बताए । १९ मंसिरमा एनसेलले कारोबार भएको कागजात संकलन हुँदै गरेको भन्दै पूर्वस्वीकृति लिनुपर्ने विषय स्वीकार गरेको उनको भनाइ छ ।

खनालले नेपालको दूरसञ्चार ऐनमा रहेको कानुनी छिद्रको प्रयोग गरेर एनसेलले गतिविधि गरिरहेको बताए ।

दूरसञ्चार सेवामा प्रत्यक्ष वैदेशिक लगानी भनेपनि होल्डिङ कम्पनीमार्फतको लगानी स्वीकृति दिने कुननी व्यवस्था नै कमजोरी भएको बताए । 'नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार ऐन संशोधन गर्न ३ पटक ड्राफ्ट बनाएर पठाएको छ । एउटा ड्राफ्ट संसदको टेबलबाट फर्किएर आएको छ । ऐन कार्यन्वयन हुन नदिनमा दवाब छ', उनले सांसदहरुलाई भने, 'दबाब छैन भने ऐनको मस्यौदा किन पटक-पटक फर्केर आउँछ ?'

होल्डिङ कम्पनी मार्फत लगानी गरेका कारण एनसेल प्रकरणमा कुनै एउटा कम्पनीलाई मात्र जिम्मेवार बनउन नसकेको उनको स्वीकारोक्ति छ । 'एनसेलको नेपालको मात्रै कानुनी प्रावधान भएको भए यहाँको सीइओलाई ल्याएर नेपालको कानुन अनुसार तुरुन्तै कारवाही गर्न सक्ने थियौं । कानुन समयसापेक्ष नहुँदाको समस्या हो', उनले समिति बैठकमा भनेका छन् ।

समितिले दूरसञ्चार कानुनमा कानुनी छिद्र भए सच्याउन र त्यस अनुसार संसदको आगामी अधिवेशनमा विधेयक ल्याउन सर कारलाई निर्देशन दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रेड पान्डाको खोजीमा पूर्वी नेपालमा 'सनम तेरी कसम' हिरो

काठमाडौं/बक्स अफिसमा फ्लप तर युट्युबमा सर्वाधिक रुचाइएको बलिउड फिल्म 'सनम तेरी कसम'बाट चर्चामा आएका अभिनेता हर्षवर्धन राणेको नेपालमा पनि राम्रो क्रेज छ । गत वर्ष साथीको विवाहमा सहभागी हुन नेपाल आउँदा काठमाडौंको एक रेस्टुराँमा उनलाई हेर्नकै लागि युवायुवतीहरुको ठूलो भीड लागेको थियो । र, उनले नेपाली फ्यानहरुप्रति दर्शाएको प्रेमको धेरैले प्रशंसा गरेका थिए ।




उनी दोस्रोपटक नेपाल आएका छन् । यसपटक उनको उद्देश्य भने फरक छ । उनी दुर्लभ वन्यजन्तु रेड पान्डाको खोजीमा नेपाल आएका हुन् । उनले मंगलबार इन्स्टाग्राम स्टोरीमार्फत् रेड पान्डाको खोजीमा आफू पूर्वी नेपालमा रहेको जानकारी गराएका छन् । फोटोग्राफीका निकै सौखिन रहेका राणे भारतको पश्चिम बङ्गाल हुँदै रेड पान्डाको तस्वीर लिनकै लागि पूर्वी नेपाल आइपुगेका हुन् ।

नेपालको ताप्लेजुङ, पाँचथर र इलाम आसपास रेड पान्डा पाइन्छ । एक तथ्यांकका अनुसार यी तीन जिल्लामा रेड पान्डाको कुल संख्याको २५ प्रतिशत रहेको छ । यसैले राणे रेड पान्डाको खोजी गर्दै पूर्वी नेपाल पुगेका हुन् । यसअघि काठमाडौं आउँदा पनि उनले क्यामेरा लिएर विभिन्न धार्मिक स्थल पुगेका थिए । उनी फोटोग्राफीकै लागि विदेशका विभिन्न ठाउँ समेत जाने गरेका छन् ।

उनी बलिउडका चल्तीका अभिनेतामा भने गनिँदैनन् । 'सनम तेरी कसम'ले नै उनको अस्तित्व बनाइरहेको छ । यो फिल्मयता राणे सहायक चरित्रमै सीमित छन् । तेलुगू फिल्म 'थाकिता थाकिता'बाट अभिनय करिअर सुरु गरेका उनले 'तारा भर्सेस बिलाल', 'हसीन दिलरूबा', 'तैश', 'अवुनु', 'पल्टन' लगायतका फिल्ममा अभिनय गरेका छन् । उनलाई बलिउडमा 'फिटनेश हिरो' समेत भनिन्छ ।

# 'प्रेमगीत'को झल्को दिने 'दुई कदम' ट्रेलर

काठमाडौं/उदय सुब्बा निर्देशित फिल्म 'दुई कदम'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंका एक कार्यक्रमबीच सार्वजनिक २ मिनेट ३ सेकेण्ड लम्बाईको ट्रेलरमा एक जोडीको प्रेममा आउने उतार-चढाव र लिम्बु संस्कारलाई प्रस्तुत गरिएको छ । ट्रेलरको सुरुवातमा रहेको इओन लिम्बु र सिमोन गिरीको बाइक यात्रा र नोकझोंकको दृश्य भने फिल्म 'प्रेमगीत'सँग मिल्दोजुल्दो देखिन्छ ।



यस फिल्ममा इओन र सिमोनका अलावा गौरव पहारी, विमला लिम्बु, सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा, बुद्धि तामाङ, अर्जुन गुरुङ, जीवन लिम्बु, चन्दा दाहाल, प्रितिका शर्मा आदिको पनि अभिनय छ । विल्सन विक्रम राई, वर्षा सिवाकोटी र गीता ढुंगानाले भने एक गीतमा नृत्य गरेका छन् । अजम्बरी फिल्मस्को ब्यानरमा बनेको फिल्ममा तारा देवी लिम्बुको लगानी छ ।

पूर्वको धनकुटा, तेह्रथुमको वसन्तपुर, इलाम, झापा र धरानमा खिचिएको फिल्ममा विक्रम डिसीको छायांकन, दयाराम घिमिरेको कथा तथा पटकथा, ताराप्रकाश लिम्बु र विकास चौधरीको संगीत, डिपी खनालको गीत लेखन, रामजी लामिछानेको कोरियोग्राफी, राजु किराँतीको द्वन्द्व निर्देशन र प्रविन ढकालको सम्पादन छ । फिल्मलाई रिच इन्टरटेनमेन्ट र एफडी कम्पनिले वितरण गर्दैछन् ।

# निगमलाई जहाज बेच्न तीन कम्पनी इच्छुक

काठमाडौं/नेपाल वायु सेवा निगमलाई जहाज बेच्न तीन वटा कम्पनी इच्छुक देखिएका छन् । भारतको हिन्दुस्तान एरोनोटिक्स लिमिटेड, चेक रिपब्लिकको एयर क्राफ्ट इण्डस्ट्रिज र क्यानडाको डी हेभिल्याण्ड क्यानडाले नियमलाई सानो आकार (सर्ट टेकअफ एन्ड ल्यान्डिङ) जहाज बेच्न इच्छा व्यक्त गरेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए ।

निगमले गत २२ अक्टोबरमा जहाज किन्न बोलपत्र आह्वान गरेको थियो । त्यसको अन्तिम म्याद ५ डिसेम्बरसम्ममा तीन कम्पनीको बोलपत्र परेको प्रवक्ता पौडेलले बताए ।

नेपाल वायुसेवा निगमको संरचनात्मक एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिस समितिले नेपाल एयरलाइन्सको सोल्टी होटलमा रहेको सेयर बेचेर जहाज खरिदमा लगानी गर्न सुझाव दिएको थियो ।

निगमले आन्तरिकतर्फ २२ गन्तव्यमा सेवा दिनेगरी जहाज खरिदको प्रक्रिया अघि बढाएको जनाएको छ । नेपाल वायु सेवा निगमसँग हाल आन्तरिक उडानमा दुई थान ट्वीनअटर जहाज छन् । तीमध्ये नियमित रुपमा एउटा मात्रै उड्ने गरेको छ ।

नयाँ जहाज किनेपछि यात्रुले सेवा पाउने, पर्यटन प्रवर्द्धन हुने, निगमको उपस्थितिले भाडा दरमा सन्तुलन कायम हुने र सेवा प्रभावकारी हुने विश्वास निगमले लिएको छ ।

निगमले उडान थालेका सुकेटार, इलाम, गुल्मी, डोल्पा, मनाङ, जुम्लाजस्ता बढ्दो मागका बाबजुद जहाज अभावले नियमित उडान हुन सकेको छैन । ऋणात्मक प्रगतिलाई रोक्न र बजार उपस्थिति बढाउन जहाज थप गर्नु परेको निगमको दाबी छ ।

प्रतिस्पर्धामा रहेका हिन्दुस्तान एरोनोटिक्स लिमिटेडले डोर्नियर जहाज बनाउँछ । त्यस्तै चेक रिपब्लिकको एयरक्राफ्ट इण्डस्ट्रिजले लेट एल द्४१० जहाज बनाउँछ भने क्यानडाको डी हेभिल्याण्ड क्यानडा ट्वीनअटर निर्माता हो ।

### ट्वीनअटर खरिद गर्ने निगमको योजना

निगमका एक उच्च अधिकारीका अनुसार यसपटक निगमले लामो समयदेखि चलाइरहेको मोडल ट्वीनअटर जहाज नै थप गरिनेछ । ट्वीनअटर निर्माता डी हेभील्यान्ड क्यानडा पनि अहिलेको प्रतिस्पर्धामा छ ।

'यो जहाजमा हाम्रो पाँच दशकभन्दा लामो अनुभव छ,' उनी भन्छन्, 'हाम्रा जनशक्ति, इन्जिनियर, पाइलट सबै यसमै भएका कारण जहाज किनेको भोलिपल्टबाटै उडाउन सम्भव पनि छ ।' अब ब्राण्ड परिवर्तन गर्दा चिनियाँ जहाजकै हालत हुने जोखिमका कारण ट्वीनअटर जहाजमै जाने योजना बनाइएको निगम स्रोतले जनाएको छ ।

निगमले नयाँ किन्ने योजना बनाएको ट्वीनअटर जहाजको बजार मूल्य अहिले एक अर्ब रुपैयाँ हाराहारी पर्न आउँछ । यो रकम बराबरको स्रोत निगमले आफ्नै स्रोतबाट जोहो गर्ने र संस्थालाई थप भार नपर्ने दाबी गरिएको छ ।

निगमले पहिलो पटक २०२८ सालमा ट्वीनअटर जहाज भित्र्याएको हो । त्यसयता निगमले ३९ वटा भन्दा बढी आन्तरिक गन्तव्यमा यसै जहाजबाट आफ्नो बलियो उपस्थिति जनाएको थियो ।

निगमले आर्थिक वर्ष २०७८-७९ सम्म विभिन्न शीर्षकमा उठाउनुपर्ने रकम नै २ अर्ब १९ करोड रुपैयाँ भन्दा माथि छ । यो रकम उठाउन सक्दा मात्र समेत आन्तरिक उडानमा जहाज खरिद गर्न रकम पुग्ने निगम स्रोत बताउँछ ।

# सुकु हत्या दुई हप्तासम्म रहस्यमै, होटलमा सीसीटिभी न परिचयपत्र

पोखरा/५ मंसिरमा पोखराकै व्यस्त र मानवीय चहलपहल भइरहने पोखरा बसपार्क नजिकै मारिएकी सुकु विकको घटनामा प्रहरीले अझै दोषी पहिचान गर्न सकेको छैन ।




पोखरा बसपार्क नजिकै नागढुंगास्थित युनिक होटलमा गम्भीर घाइते भएकी तनहुँकी ३८ वर्षीया सुकु विकको त्यसै दिन साँझ ७ बजे चरक मेमोरियल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो ।

प्रहरीका अनुसार तनहुँ भिमादकी विक पोखरा बसपार्क क्षेत्रकै शिला रेस्टुरेन्टमा २ वर्षदेखि काम गर्दै आएकी थिइन् ।

प्रहरीले सुरुमा शंकास्पद ६ जनालाई पक्राउ पनि गरेको थियो । तर, घटनाको 'क्लु' फेला नपरेको भन्दै तारेखमा छोडिसकेको छ । 'उहाँहरुलाई अहिले आवश्यक परेको खण्डमा उपस्थित हुने गरी छोडिएको छ,' वडा प्रहरी कार्यालय बैदाम प्रमुख डीएसपी राजेन्द्र श्रेष्ठले भने ।

प्रहरीका अनुसार हत्या भएको दिउँसो विक र एक जना पुरुष होटलको कोठामा प्रवेश गरेका थिए । कोठामा प्रवेश गरेको केही समयमै पुरुष बाहिरिएको र महिला साँझसम्म ननिस्किएपछि होटल सञ्चालकले खोजी गर्दा अचेत अवस्थामा फेला परेकी थिइन् ।

घटना भएको १५ दिनसम्म कन दोषी पहिचान भएन त ? प्रहरीको तर्क छ, 'घटनास्थल वरिपरि सीसीटीभी क्यामेरा नै छन् । होटलले ग्राहकको परिचय पत्र खुल्ने कागजात राखेको रहेनछ।'

पोखराका मुख्य बजार क्षेत्रका अधिकांश सीसीटिभी क्यामेरा कामै नदिने रहेको र त्यसले गर्दा पनि अनुसन्धानमा बढी कसरत गर्नुपरेको प्रहरीको भनाइ छ । 'अहिले जति पनि ठाउँमा सीसीटिभी राखिएका छन्, ती सबै पुराना खालका छन् । मान्छे त परैको कुरा, रातो गाडीलाईसमेत सेतो देखाउँछ,' एक प्रहरी अधिकृत भन्छन्, 'त्यस्ता सीसी क्यामेरा राख्नु र नराख्नुमा कुनै फरक छैन । त्यसमाथि भएका अधिकांश त बिग्रिइसकेका छन् ।'

घटना भएको होटल पोखराका कुनै पनि होटल व्यवसायी समितिमा आवद्ध नभएको पनि भेटिएको छ । पृथ्वी होटल व्यवसायी समिति अध्यक्ष अमृत घिमिरेका अनुसार समितिमा अहिले २ सय वटा होटल आवद्ध छन् । तर, घटना घटेको युनिक होटल समितिमा दर्ता छैन ।

'हामीसँग दर्ता भएका होटलहरुमा सुरक्षाका मापदण्ड लागू गर्न कडाइका साथ नै लागिरहेका छौं । प्रत्येक होटलमा सीसीटिभी क्यामेरा राख्ने, ग्राहकको परिचय खुल्ने कागजात राख्ने, इन्ट्री गर्ने सबै गरिरहेकै छौं,' घिमिरेले भने ।

उक्त घटना वडा प्रहरी कार्यालय, बैदामले अनुसन्धान गरि रहेको छ । बैदाम प्रहरी प्रमुख डिएसपी राजेन्द्र श्रेष्ठका अनुसार घटनाबारे अनुसन्धान जारी छ ।

'हामीले घटनाको अनुसन्धान जारी नै राखेका छौं,' उनले भने, 'अहिलेसम्म त्यस्तो केही भेटिएको छैन । अनुसन्धानकै क्रममा छौं । अब करिब नजिकनजिक पुगेका छौं ।'

# सतुंगलमा तस्करीको १६ हजार किलो चिनी बरामद




काठमाडौं/वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले काठमाडौंको सतुंगलबाट १६ हजार किलो अवैध चिनी बरामद गरेको छ । शंकास्पद रुपमा केही अघि फेला परेको ३२० बोरा हाराहारी चिनी गुणस्तर जाँचपछि अवैध आयातको भएको यकिन भएको विभागका महानिर्देशक तीर्थराज चिलुवालले जानकारी दिए ।

विशेष सूचनाका आधारमा जिल्ला प्रशासन कार्यालय काठमाडौं र विभागको टोलीले गरेको अनुगमनमा उक्त परिमाणमा चिनी बरामद भएको थियो ।

अनुगमन टोलीले फेला पारेको चिनी सुरुमा आयातकर्ताले भन्सारबाट लिलाम गरेर काठमाडौं ल्याएको दाबी गरेका थिए । तर गुणस्तर परीक्षणमा चिनीको आयातकर्ताको दाबी र लिलामी गरिएको चिनीको बीचमा चिनीको गुणस्तर र कागजपत्रमा फरक देखिएपछि चिनी अवैध भएको खुलेको महानिर्देशक चिलुवालले बताए ।

'शंकास्पद रुपमा फेला परेको चिनी सुरुवात आयातकर्ताले वैध नै भएको दाबी गरेका थिए,' महानिर्देशक चिलुवालले भने, 'तर हाम्रा सूचना फरक भएका कारण हामीले त्यसको गुणस्तर परीक्षण गराउँदा र उपलब्ध कागजातको जाँचले चिनी अवैध पुष्टि भयो ।'

अहिलेको औसत बजार मूल्यमा सो चिनीको मूल्य १६ लाख रुपैयाँ भन्दा धेरैको भएको विभागले जनाएको छ । बरामद भएको चिनी भन्सार कार्यालयलाई उपलब्ध गराएर लिलामी गरेर बजार पठाउने काम अघि बढेको विभागले जनाएको छ । बजारमा अहिले पनि चिनीको अभाव छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# २० जना किशोरीले सिके सिलाई सीप

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ माइती नेपाल मकवानपुरले संस्थामा ४ महिनासम्म आवासीय तालिम लिएका किशोरीहरुलाई मंगलबार प्रमाणपत्र वितरण गरेको छ ।

पढाई छोडेका, आर्थिक रुपमा विपन्न, बेचविखनको जोखिममा पर्न संभावना भएका वर्गका २० किशोरीलाई आधारभूत तथा एड्भान्स सिलाई सीप सिकाएको प्रशिक्षक सरिता देवकोटाले बताइन् । उनीहरुलाई नेतृत्व विकास, जीवनोपयोगी कलाबारे प्रशिक्षण गराइएको थियो । माइती नेपाल मकवानपुर प्रमुख माया लामाको अध्यक्षतामा भएको प्रमाणपत्र वितरण कार्यक्रमका हेटौंडा-४ का वडाअध्यक्ष नबीन सिग्देलले सीपलाई सदुपयोग गर्न प्रशिक्षार्थीलाई अनुरोध गरे ।

सीपले व्यक्तिलाई आत्मानिर्भर बनाउने र आत्मानिर्भरताले हिंसाबाट माथि उठ्न सहायता गर्ने भएकोले जीवनमा उर्जाशील हुन अध्यक्ष सिग्देलले आग्रह गरे । आर्थिकरुपमा सशक्त भएपछि व्यक्तिको जीवन सहज बन्छ, सीपलाई अझै समयसापेक्ष बनाउन युट्युबबाट समेत ज्ञान लिन सकिने सिग्देलले बताए ।

कार्यक्रममा मानव अधिकार संरक्षण तथा बेचविखन विरुद्धको जिल्ला सञ्जाल अध्यक्ष आरती पाठकले माइती नेपालको कामको प्रशंसा गर्दै सीप सिकेका किशोरीहरुले आफ्नो गाउँमा गएर अन्यलाई समेत समन्वय गरेर सीपलाई बढाउनु पर्ने बताइन् ।

कार्यक्रममा हिमराइट्स मकवानपुर प्रमुख कुमारी वाइबाले सीप जीवनको आधार बन्ने भएकोले प्रमाणपत्रको भरपुर प्रयोग गर्न किशोरीलाई प्रेरित गरिन् । तालिममा मकवानपुरगढी, मनहरी, बकैया, बागमती, राक्सिराङलगायत गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाका किशोरी सहभागी रहेको संस्थाकी सुपरभाइजर मन लामाले बताइन् ।

यसैगरी संस्थाले माइती नेपालमा अधिल्लो समूहमा सिलाई सिकेर व्यवसायमा लागेकी मकवानपुरगढी-१ रानीसेराकी सरिता बम्जनको व्यवसाय अवलोकन गराएको छ । सोमबार भएको अवलोकन भ्रमणमा गाउँपालिकाको वडा १ का अध्यक्ष आइतसिं लोको समेत उपस्थिति रहेको थियो ।

मानवबेचविखन रोकथाम परियोजना अन्तरगत भएको कार्यक्रममा पालिकामा रहेका किशोरीको हितको लागि आफूले समन्वय गर्ने वडाअध्यक्ष लोले बताए ।

# बसामाडीको जेसीज सप्ताह सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ बसामाडी जेसीजको नियमित कार्यक्रमअन्तर्गत जेसीज सप्ताह सुरु भएको छ । बुधबार हेटौंडाको फुटसल मैदानमा मैत्रीपूर्ण फुटसल प्रतियोगितासँगै सप्ताहव्यापी कार्यक्रमको उद्घाटन गरिएको हो ।

प्रदेशसभा सदस्य प्रेम बहादुर पुलामीको प्रमुख आतिथ्यतामा र नेपाल जेसीज वर्ष २०२३ का राष्ट्रिय उपाध्यक्ष सरोज अधिकारीको विशेष आतिथ्यतामा भएको मैत्रीपूर्ण फुटसल प्रतियोगिता एवम् सप्ताहव्यापी कार्यक्रमको उद्घाटन कार्यक्रममा बस्तीपुर जेसीजका अध्यक्ष प्रेमबहादुर गोङ्बा, प्रस्तावित चैनपुर जेसीजका अध्यक्ष गणेश दर्पण अधिकारी, प्रस्तावित मकवानपुरगढी जेसीजका अध्यक्ष पुष्पराज पुडासैनी, हेटौंडा जेसीजका कार्यकारिणी उपाध्यक्ष अमृत बर्तौलाको आतिथ्यता रहेको थियो ।

त्यस्तै बुधवार नै हेटौंडा-१६ मा रहेको जनप्रिय मावि हटियाका लागूपदार्थ दुर्ब्यसनविरुद्ध सचेतना कार्यक्रम भएको छ । विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीको सहभागिता रहेको सचेतना कार्यक्रममा मकवानपुर रिकभरी ग्रुपका उद्धव केसीले विद्यार्थीलाई लागूपदार्थ दुर्ब्यसनीविरुद्ध प्रशिक्षण दिएका थिए । कार्यक्रम नेपाल जेसीज वर्ष २०२३ का राष्ट्रिय उपाध्यक्ष सरोज अधिकारीको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा जनप्रिय मावि हटियाका सहप्राध्यापक रामआशिष मण्डल, शिक्षक रविन श्रेष्ठको आतिथ्यता रहेको थियो ।

बसामाडी जेसीज वर्ष २०२३ का अध्यक्ष जनक भण्डारीको अध्यक्षतामा भएको दुबै कार्यक्रमा कार्यक्रम संयोजकहरु मनिष खड्का, ध्रुव गौतम, सहमूलकार्यक्रम संयोजक तथा उपाध्यक्ष परमेश्वर पौडेल, जेपी यादव, मूलकार्यक्रम संयोजक तथा कार्यकारिणी उपाध्यक्ष जेसी उद्धवराज कठायतलगायत जेसीजका पदाधिकारी र सदस्यहरुको उपस्थिति रहेको थियो ।

सप्ताह कार्यक्रम अन्तर गत मंसिर २१ गते बिहीबार परिवार नियोजन संघको कार्यालयमा प्रजनन तथा परिवार नियोजन सम्वन्धी अन्तरक्रिया र हाम्रोघर हेटौंडा-५ मा बालबालिकासँग जेसीजको सहयोगी हात कार्यक्रम सञ्चालन हुने बसामाडी जेसीज वर्ष २०२३ का तालिम संयोजक बुद्धराज अर्यालले बताए ।

# बागमती सरकारद्वारा ५ जनालाई सचिवमा बढुवा

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ बागमती प्रदेश सरकारले प्रदेश निजामती ऐन २०७९ अनुसार ५ जना कर्मचारीलाई सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारको बुधवार बसेको बैठकले ऐन अनुसार ५ जना कर्मचारीलाई ११ औं तहमा बढुवा गरी नियुक्त गरेको हो । बैठकले स्वास्थ्यतर्फको ४ र शिक्षा सेवातर्फको एक गरी ५ जनालाई ११ औं तहमा बढुवा गरी नियुक्त गरेको हो । प्रदेश निजामती कर्मचारी ऐन २०७९ अनुसार ११ औं तहका कर्मचारी प्रदेश सचिव हुने व्यवस्था रहेको छ । मन्त्रि परिषद् बैठकले स्वास्थ्यतर्फ दीपक तिवारी, वसन्त अधिकारी, डा. अर्जुनप्रसाद सापकोटा र डा. नरेन्द्रकुमार झालाई ११ औं तहमा बढुवा गरी नियुक्त गरेको बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायले जानकारी दिए ।

उनका अनुसार यस अघि नै प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले निर्णय गरी उनीहरुलाई ११ औं तहमा बढुवा गर्ने निर्णय गरेको थियो । तर, अदालतमा मुद्दा परेपछि बढुवा प्रक्रिया रोकिएको थियो । अदालतले मुद्दासम्बन्धी रिट खारेज गर्ने निर्णयसँगै प्रक्रिया अघि बढाइएको हो । प्रदेश सरकारको यसअघिको निर्णयअनुसार बढुवा समितिको वैशाख ११ गते ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा बढुवा गर्ने निर्णय गरेको थियो भने असार २२ गते सूचना प्रकाशन गरेको थियो ।

यो निर्णयविरुद्धमा गत साउन ९ गते उच्चअदालत पाटन हेटौंडा इजलासमा रिट निवेदन दर्ता भएको थियो । संघीय सरकारको निजामती ऐनसँग बाझिने गरी प्रदेश सरकारले हेल्थ इन्स्पेक्सन र एकीकृत चिकित्सा समूहको बढुवा गरेको भन्दै डा. हरिबहादुर खड्का सहित ९ जनाले उच्चअदालत पाटन हेटौंडा इजलासमा मुद्दा दायर गरेका थिए । सो मुद्दामा उच्चअदालत पाटन हेटौंडा इजलासले साउन १० गते संघीय निजामती ऐनसँग बाझिने गरी प्रदेश सरकारले हेल्थ समूहबाहेक हेल्थ इन्स्पेक्सन र एकीकृत चिकित्सा समूहबाट गरेको बढुवाको निर्णयलाई तत्काल कार्यान्वयन नगर्न आदेश गरेको थियो । न्यायाधीश निर्मला शाक्यको इजलासले बढुवामाथि उत्प्रेषणयुक्त परमादेश जारी गरेको हो ।

बढुवा नियमसंगत नभएको भन्दै रद्द गर्न माग गरिएको मुद्दामा उच्चअदालत हेटौंडा इजलासले रिट निवेदन खारेज गरेको थियो । मंसिर १८ को इजलासले माग दाबी नपुगेको भन्दै सो रिट निवेदन खारेज गरेको उच्चअदालत हेटौंडा इजलासका सूचना अधिकारी केदारनाथ अर्यालले जानकारी दिए । रिट निवेदन खारेज भएसँगै मन्त्रिपरिषद् बैठकले उनीहरुलाई ११ औं तहमा बढुवा गरी नियुक्त गरेको हो ।

मन्त्रिपरिषद् बैठकले शिक्षा सेवातर्फका दीपेन्द्र सुवेदीलाई ११ औं तहमा बढुवा गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले यसअघि विभिन्न समयमा बसेको बैठकको निर्णय अनुसार १२ जना कर्मचारीलाई ११ औं तहमा बढुवा गरिसकेको छ । त्यस्तै बैठकले बहुवर्षीय योजना र ठेक्कालाई व्यवस्थापन गर्न बागमती प्रदेश आयोजनाको बहुवर्षे ठेक्का मापदण्ड २०८० कार्यविधि स्वीकृत गरेको छ ।

# ठेक्केदारलाई सडक निर्माण समयमै सक्न सांसद बर्तौलाको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मकवानपुर क्षेत्र नम्बर २ का सांसद तथा एमाले सचेतक महेशकुमार बर्तौलाले हेटौंडा-काठमाडौं छोटो सडकमार्ग छिटो सक्न निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् ।

बुधवार संसदीय दलको कार्यालयमै ठेकेदारलाई बोलाएर सांसद बर्तौलाले सडक निर्माणको काम छिटो तथा समयमै सम्पन्न गर्न निर्देशन दिएका हुन् । बर्तौलाले हेटौंडा-काठमाडौं छोटो मार्ग अन्तर्गतको हेटौंडा-कुलेखानी-चखेल-काठमाडौं सडक निर्माणको जिम्मा पाएका व्यवसायीलाई सिंहदरबार बोलाएर निर्देशन दिएका हुन् । बर्तौलाले सडक निर्माणमा ढिलासुस्ती हुँदा यात्रुहरु मारमा पर्ने गरेको, दुर्घटनाको जोखिम बढेको र धुलो र हिलोको कारण स्थानीयको स्वास्थ्यमा समेत समस्या देखिन थालेको भन्दै कामलाई समयमा सक्न दिर्नेशन दिएका हुन् ।

बर्तौलाले निर्माण व्यवसायी शिव चौलागाईंलाई काठमाडौं बोलाएर निर्देशन दिएका हुन् । निर्माण व्यवसायीले प्राप्त गरेको ठेक्का समयमा सक्नुपर्ने दायित्व बहन गर्नुपर्ने भन्दै बर्तौलाले राज्यबाट प्राप्त ठेक्काका कामलाई ब्यवसायीले तिब्र गतिमा गर्नुपर्ने बताए ।

हेटौंडाबाट सबैभन्दा छोटो सडक मार्गको रुपमा रहेको चखेल सडकखण्डको काम सुस्त भएको भन्दै स्थानीयवासीले गुनासो गरेको र सडकको अवस्थाबारे समाचार प्रकाशित भएपछि सांसद बर्तौलाले चौलागाईंलाई बोलाएर निर्देशन दिएका हुन् ।

सांसद बर्तौलाको निर्देशन पछि व्यवसायी चौलागाईंले आफूहरु तालिका बनाएर कामलाई छिटोभन्दा छिटो सम्पन्न गर्न लागिपर्ने बताए । हेटौंडाबाट काठमाडौं पुग्ने हेटौंडा-भीमफेदी-फाखेल-काठमाडौं, सिस्नेरी, चखेल तथा चित्लाङ सडकखण्डको अवस्था जर्जर बन्दा दैनिक हजारौं यात्रुले सास्ती बेहर्नुपरेको सन्र्दभमा बर्तौलाले अब नियमित सबै सडक निर्माणको जिम्मा पाएका निर्माण ब्यवसायीलाई बोलाएर छिटो काम सम्पन्न गर्न निर्देशन दिने बताएका छन् ।

यसैगरी, हेटौंडालाई काठमाडौंसँग जोड्ने सबैभन्दा छोटो दूरीको मार्ग महालक्ष्मीखोला-चखेल-देउराली-मातातीर्थ-सतुंगल सडक एक महिनाका लागि बन्द हुने भएको छ । मकवानपुर र काठमाडौंको दुवैतर्फ सडक स्तरोन्नतिको काम भइरहेकाले बिहीबारबाट एक महिनाका लागि सवारी आवागमन बन्द गर्न लागिएको हो ।

ईन्द्रसरोवर गाउँपालिका-५ का वडाध्यक्ष दूतराज तितुङले सडक खण्डको दुवैतर्फ सडक स्तरोन्नतिको काम भइरहेको निर्धारित समयभित्र सडक निर्माण कार्य पूरा गर्न सवारी आवागमन बन्द गरिएको जानकारी दिए ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

आ.व.२०८०/०८१ मा सेवा करारमा कर्मचारी पदपूर्ति गर्न विज्ञापन भएका विभिन्न पदहरूको लिखित परीक्षाको समय तालिका र परीक्षा केन्द्र कायमगरिएको सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (संशोधन सहित) बमोजिम यस कार्यालयमा रिक्त रहेको विभिन्न पदहरुमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि मिति २०८०।०४।२३ गते र मिति २०८०।०६।१० गते १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको पदको देहाय बमोजिमको लिखित परीक्षा तालिका र परीक्षा केन्द्र कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| सि.नं. | विज्ञापन नं. | पद/तह | परीक्षाको किसिम | परीक्षा हुने स्थान | परीक्षा मिति/समय |
|---|---|---|---|---|---|
| १ | १/०८०/८१ | अभिलेख प्रशासक/ अधिकृतस्तर छैठौं | विषयगत | सिद्धार्थ मा.वि. हेटौंडा-२ | २०८०/०८/३० गते विहान ८:०० बजे |
| २ | २/०८०/८१ | खाध प्राविधिक/ सहायकस्तर चौथौं | वस्तुगत बहुवैकल्पिक | सिद्धार्थ मा.वि. हेटौंडा-२ | २०८०/०८/३० गते विहान ८:०० बजे |
| ३ | ३/०८०/८१ | माटो परीक्षण प्राविधिक/ सहायकस्तर चौथौं | वस्तुगत बहुवैकल्पिक | सिद्धार्थ मा.वि. हेटौंडा-२ | २०८०/०८/३० गते विहान ८:०० बजे |
| ४ | ४/०८०/८१ | मेडिकल अधिकृत/ अधिकृतस्तर आठौं | वस्तुगत बहुवैकल्पिक | हेटौंडा उपमहानगर पालिकाको सभाहल | २०८०/०९/०२ गते विहान ८:०० बजे |
| ५ | ५/०८०/८१ | स्टाफ नर्स/ सहायकस्तर पाचौं | वस्तुगत बहुवैकल्पिक | सिद्धार्थ मा.वि. हेटौंडा-२ | २०८०/०८/३० गते विहान ८:०० बजे |
| ६ | ६/०८०/८१ | ल्याब टेक्निसियन/ सहायकस्तर पाचौं | वस्तुगत बहुवैकल्पिक | सिद्धार्थ मा.वि. हेटौंडा-२ | २०८०/०८/३० गते विहान ८:०० बजे |
| ७ | ९/०८०/८१ | अ.हे.ब /सहायकस्तर पाचौं | वस्तुगत बहुवैकल्पिक | सिद्धार्थ मा.वि. हेटौंडा-२ | २०८०/०८/३० गते विहान ८:०० बजे |

# मनहरीका चेपाङ समुदायले मागे रोजगारी



साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा रहेका चेपाङ समुदायले स्वास्थ्य र शिक्षामा प्राथमिकता दिन गाउँपालिकालाई आग्रह गरेका छन् ।

गाउँपालिका र चेपाङ समुदायका अग्रज व्यक्तित्वबीच बुधबार मनहरीमा भएको अन्तर क्रियामा सरोकारवालाले यस्तो सवाल उठाएका हुन् । चेपाङ समुदायका अगुवाले विकास निर्माणका कार्यमा यो समुदायलाई समेट्नु पर्ने माग गरेका छन् । चेपाङलाई रोजगारीको व्यवस्था गरी आत्मनिर्भर बनाउन पनि उनीहरुले अनुरोध गरे । कार्यक्रममा बागमती प्रदेशका पूर्वराज्यमन्त्री सन्तबहादुर चेपाङले आफ्नो कार्यकालमा चेपाङ जातिका लागि उल्लेखनीय कार्य गरेको दावी गरे ।

हालसम्म १ अर्ब ६० करोड लगानी गरी चेपाङ समुदायको लागि स्तरोन्नतीका कार्यक्रम ल्याइएको उनले दाबी गरे । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले चेपाङ समुदाय लक्षित बजेट निर्माणका लागि सबैको सल्लाहअनुसार अघि बढ्ने बताए । सीमान्तकृत चेपाङ समुदायको निशुल्क शिक्षा र स्वास्थ्यका लागि गाउँपालिकाले बजेट विनियोजन गरेको बताउँदै आवश्यकता अनुसार वडा कार्यालयको सीफारीस अनुसार सेवा लिन आग्रह गरे ।

कार्यक्रममा उपाध्यक्ष सीता पुलामी मगर, ४ नं वडाअध्यक्ष प्रकाश थापा, १ नं वडाअध्यक्ष शिव खनाल र ३ नं वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, सामाजिक विकास शाखाप्रमुख ज्ञानेन्द्र ढकाल र ४५ जना चेपाङ समुदायका अग्रजको उपस्थिति रहेको थियो । आदीवासी जनजाति समूह मकवानपुरको सहजीकरण र गाउँपालिकाको आयोजनामा अन्तरक्रिया भएको थियो ।

# कैलाशमा मनाइयो स्वास्थ्य स्वयमसेविका दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकामा २० औं स्वास्थ्य स्वयमसविका दिवस मनाइएको छ । कैलाश गाउँपालिकाको आयोजना तथा सांग्रिला डेभलपमेन्ट एशोसिएसनको सहआयोजनामा मंगलबार कालिकाटारमा एक कार्यक्रमको आयोजना गरी दिवस मनाइएको हो ।

सबै वडामा रहेका ४२ जना स्वयमसेविकालाई भेला गरी उनीहरुलाई सम्मान तथा अनुभव आदानप्रदान गरिएको थियो । स्वास्थ्य स्वयम्सेविकाले खेलेको भूमिकाबारे चर्चा गरिएको थियो । कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता एवम् सांग्रिला डेभलपमेन्ट एशोसिएसनका विक्रमसिं धामीको अध्यक्षतामा कार्यक्रम भएको हो ।

गाउँपालिकाभर क्रियाशील स्वयमसेविकामध्येबाट उत्कृष्ट भूमिका निर्वाह गर्ने ३ जनालाई नगदसहित पुरस्कृतसमेत गरिएको थियो । परस्कृत हुनेहरुमा क्रमशः कार्यसम्पादन मूल्यांकनको आधारमा वडा नम्बर १ कि अनिता थिङ, वडा नम्बर ८ कि सुकुमाया थिङ र वडा नम्बर ९ कि गोपिमाया घिसिङ रहेका छन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद रोका, स्वास्थ्य शाखाप्रमुख कृष्ण यादव, स्वास्थ्य कार्यालय मकवानपुरका गजेन्द्रप्रसाद यादव, सांग्रीला डेभलपमेन्ट एसोसिएसनका धनबहादुर मुक्तान, कालिका माविकी विद्यालय नर्स विन्दा तितुङलगायतको सहभागिता रहेको थियो ।

थाहा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर

शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०८/२१ गते

यस कार्यालयको मिति २०८०/०५/२६ गते गोरखापत्र दैनिकमा प्रकाशित शिलवन्दी दर भाउपत्र आव्हान सम्बन्धीको सूचना अनुसार निर्धारित म्यादभित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन-२०७९)को नियम ३१(ङ) को उपनियम ७ बमोजिम र मूल्यांकनमा सफल दरभाउपत्रहरु मध्येबाट न्युनत्तम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल अनुसारको शिलवन्दी दरभाउपत्र दाताको दरभाउपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ प्रयोजनार्थ ३ (तिन) दिनको सूचना सम्बन्धीत सबै दरभाउदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

| सि.नं. | ठेक्का नं. | विवरण | सप्लायर्सको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | THAHA/७/२०८०/८१ | सेनेटरी प्याड खरिद | श्री एञ्जटच म्यानफ्याक्चरिङ प्रा.लि. काठमाण्डौ | ९१००००/०० | |

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रदेश दुग्ध विकास बोर्ड
हेटौंडा, नेपाल

सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२१

प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश, हेटौंडाको कार्यालयमा आवश्यक रहेको दुग्ध प्रविधी अधिकृत पदमा प्रतिस्पर्धाको माध्यमबाट करारमा नियुक्ती गर्नका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बिज्ञापन नं | पद/तह | सेवा/समुह | माग संख्या | परीक्षाको किसिम | काम गर्ने दरखास्त बुझाउने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २/०८०/०८१ | दुग्ध प्रविधि अधिकृत/ अधिकृतस्तर सातौं | कृषि/ला.पो. एण्ड डे.डे | १ (एक) | छोटो सूचि प्रकाशन र अन्तरवार्ता | प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश हेटौंडा | |

१. आवश्यक न्युनतम शैक्षिक योग्यता:-
क. दुग्ध प्रविधि अधिकृत पदको लागी नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पशु चिकित्सा तथा पशु विज्ञान विषयमा स्नातक तह उतीर्ण गरेको र कम्तिमा १ वर्षको कार्य अनुभव रहेको ।
२. उमेर:- दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको ।
३. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कारवाही नभएको ।
४. दरखास्त दिने अन्तिम मिति :- २०८० मंसिर २७ गते (उक्त दिन सार्वजानिक विदा परे सो को भोलि पल्ट)
५. आवेदन दस्तुर :- ५००। (पाँच सय रुपैयाँ) खाता नं-१०००२०००१००० कार्यालय कोर्ड-३१२००३२०२३
६. आवेदन साथ संलग्न गर्नु पर्न कागजात:-
आवेदक स्वयंम प्रमाणीत गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नेपाली नागरिकता - न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र - चारित्रिक प्रमाणपत्र
- तालिम भए सो को प्रमाण पत्र - कार्य अनुभवको कागजात
७. सेवा सुविधा तथा कार्य अवधि :- सम्झौतामा उल्लेख भए बमोजिम
८. कार्य बिवरण :- सम्बन्धित सेवा समूह पद तथा तहले गर्ने गरि बोर्डले तोकेको कार्य।
९. अन्तरवार्ता मिति :- टेलिफोनबाट जानकारी गाराइने ।
१०. उल्लेखित पदको लागी निवेदन आवेदक स्वयंमले वुझाउनु पर्ने छ ।

फोन नं.: ०५७-५९०५९१, ५९०४९१
वेभसाइट : pddb.bagamati.gov.np ईमेल: pddb@bagamati.gov.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना